पाइन्छ । जैविक विविधताका पिता भनिने इ.ओ.विल्सनद्वारा सन् १९८८ मा संपादित पुस्तकमा जैविक विविधताको विभिन्न पक्षहरूको उल्लेख गरिएको थियो ।

जैविक विविधतालाई आनुवंशिक विविधता (Genetic Bio- Diversity), प्रजातीगत विविधता (Species Bio-Diversity) र पारिस्थितिक प्रणालीगत विविधता (Ecosystem Diversity) गरी तीन स्वरुपमा वर्गीकरण गरिएको पाइन्छ ।

वातावरण संरक्षण ऐन, २०५३ को २ (ञ) अनुसार "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेसिज डाइवरसिटी) तथा वंशाणु विविधता (जेनेटिक डाइवरसिटी) सम्झनु पर्छ ।

जैविक विविधता अन्तर्गतका जीवहरू एक आपसमा विशेष सम्बन्ध कायम गरेर रहेका हुन्छन् । यसमा भएका कुनै एक प्रजाती नासिए वा बिग्रिएमा त्यसले जीवहरूको प्रणालीमा नै असर पार्छ । तिनीहरूको जीवन पद्दतीको श्रृंखलामा प्रतिकुल असर परी पारिस्थितिक प्रणाली नै बिग्रन्छ । उदारहणका लागि कुनै एक स्थानको वन जंगल नासिएमा त्यहाँ भएका वनस्पति तथा जीव-जन्तुको जीवन पद्धतीमा प्रतिकुल असर पारी त्यहाँ तिनीहरूलाई आफ्नो जीवन निर्वाह गर्न कठिन पर्छ । निष्कर्षमा भन्दा जैविक विविधताले पृथ्वीमा विद्यमान जीवित सम्पदाको कुल सङ्ख्या वा तिनको भिन्नतालाई दर्साउँछ ।

**जैविक विविधतामा धनी राष्ट्र नेपाल**

- ★ फरक फरक किसिमका ११८ भन्दा बढी पारिस्थितिक प्रणालीहरू रहेका,
- ★ समुन्द्र र मरुभूमिमा पाइने पारिस्थितिक प्रणालीबाहेक विश्वमा पाइने धेरै किसिमका पारिस्थितिक प्रणाली पाइने,
- ★ जैविक विविधताले सम्पन्न मानिने साना देखि ठूला ठूला सीमसार क्षेत्रहरू समेत रहेका,
- ★ प्रजातीय विविधताको दृष्टिले एसियामा ११ औं र विश्वमा २५ औं धनी राष्ट्रको रुपमा रहेको,
- ★ जैविक विविधताको लागि महत्वपूर्ण मानिने जलस्रोतमा विश्वमै दोस्रो धनी राष्ट्रको रुपमा रहेको,
- ★ विश्वमै दुर्लभ मानिएका एकसिंगे गैंडा, पाटेबाघ, काँडेभ्याकुर, यार्चागुम्बा, कुट्की, सतिसाल, विजयसाल, कस्तुरी मृग एवम् असला माछा लगायतका जीवजन्तु र वनस्पतिको साझा घरको रुपमा रहेको,
- ★ जैविक विविधताको लागि महत्वपूर्ण मानिने वनक्षेत्र ३९.६ प्रतिशत (जसमा २० प्रतिशत वन र १०.६ प्रतिशत बुट्यान झाँडी) रहेको,
- ★ हिमालदेखि तराईसम्मको विभिन्न हावापानीमा पाइने विविध प्रजातिहरूको बासस्थानको रुपमा रहेको ।

**नेपालले जैविक विविधताबाट लिन सक्ने फाइदाहरू**

कुनै पनि ठाउँ वा देशको विकास वा विकासको सम्भावना, त्यस देशका नागरिकको जीवन शैली, सामाजिक गतिविधि आदिसँग त्यस ठाउँ वा देशको जैविक विविधताको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । जैविक विविधताबाट नेपालले लिन सक्ने फाईदा/महत्वलाई तल बुदाँगत रुपमा उल्लेख गरिएको छ –

- ▫ कृषिजन्य उत्पादन (Agricultural products)
- ▫ वनस्पतिजन्य उत्पादन (Vegetative products)
- ▫ पशुजन्य उत्पादन (Animal products)
- ▫ वंशाणुमा सुधार (Improvement in breeds)
- ▫ जलाधार संरक्षण (Water conservation)
- ▫ प्राकृतिक सौन्दर्यता (Natural beauty)
- ▫ पर्यटन विकास (Development of tourism)
- ▫ भू-संरक्षण (Soil conservation)
- ▫ प्राकृतिक पारिस्थितिक प्रणाली सञ्चालन (Function of natural ecosystem)
- ▫ वातावरण सन्तुलन (Environmental balalnce)
- ▫ अध्ययन तथा अनुसन्धान (Study and research)
- ▫ आर्थिक विकास (Economic development) etc.

अन्त्यमा, नेपालमा विभिन्न प्रजातीका जीवजन्तु, चराचुरुङ्गी, वनस्पतिहरू पाइने तथा एक सय अठार भन्दा बढी पारिस्थितिक प्रणालीहरू रहेकोले विश्वमै नेपाललाई जैविक विविधताको हिसाबले धनी मुलुकको रुपमा लिइन्छ । जैविक विविधताले धनी हाम्रो देश नेपालले जैविक विविधताकै कारण पर्यटन व्यवसाय, पशुपालन व्यवसाय, कृषिजन्य उत्पादन, जडीबुटीहरूको प्रशोधन निर्यात समेतबाट मनग्य फाइदा लिन सक्ने देखिन्छ ।

**(१०) उर्जा संकटको परिचय दिंदै नेपालमा उर्जा संकटका कारणहरू के देख्नुहुन्छ ? चर्चा गर्दै नेपालमा बढ्दो उर्जा संकट न्यूनीकरणका लागि के कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला ? लेख्नुहोस् ।**

**उर्जा संकट (Energy crisis)**

उर्जा एवम् संकट दुई पृथक र पूर्ण शब्दहरू मिलेर बनेको हो शब्द हो । उर्जा भनेको त्यस्तो शक्ति हो जसलाई ताप शक्ति, प्रकाश शक्ति, विद्युतीय शक्ति एवम् चुम्बकीय शक्ति जस्ता अनेक रुपका शक्तिमा परिवर्तन गर्न सकिन्छ । त्यस्तै गरी संकट भनेको कुनै पनि स्रोत साधनको न्यून उपलब्धता, चरम अभाव एवम् दुर्लभताको अवस्था हो त्यसैले उर्जा संकट भनेको उर्जाको अभाव वा आवश्यकता अनुरुप उर्जा उपलब्ध नहुनु हो ।

Question Bank Nepal

अर्को शब्दमा भन्दा उर्जाको माग र आपूर्तिबीचको असन्तुलनका कारण उत्पन्न हुने चरम अभावको अवस्था नै उर्जा संकट हो । उर्जा संकट भन्नाले उर्जा नहुनुका कारणबाट उत्पादन प्रक्रिया प्रभावित भई उत्पादनमा अवरोध आउनु वा सेवा प्रवाहमा कठिनाइ तथा सर्वसाधारणको दैनिक जनजीवनमा नै कठिनाइ उत्पन्न हुनुलाई जनाउँदछ ।

समग्रमा भन्दा उर्जा संकट भनेको दैनिक जनजीवन सञ्चालनका लागि आवश्यक पर्ने न्यूनतम उर्जाको समेत अभाव हुन गई जनजीवनमा नै कठिनाइ उत्पन्न हुने अवस्था नै उर्जा संकट हो ।

**नेपालमा उर्जा संकटका कारणहरू**

- ★ बढ्दो जनसंख्या तथा औद्योगीकीकरणको माग अनुरुप उर्जाको आपूर्तिमा वृद्धि नहुनु ।
- ★ जलविद्युत आयोजनाहरू तोकिएको समय र गुणस्तरमा सम्पन्न हुन नसक्नु ।
- ★ वैकल्पिक उर्जाको स्रोतको पहिचान तथा विकास सरकारी उदासिनता रहनु ।
- ★ मुलुकमा व्याप्त गरिबीका कारण महँगो उर्जा खरिद गर्न नसकिनु ।
- ★ जलविद्युत केन्द्रहरू मर्मत सम्भारको अभावमा पूर्ण क्षमतामा सञ्चालन हुन नसक्नु ।
- ★ कुल उत्पादित विद्युतको एक चौथाइ भन्दा बढी चुहावट भएर नाश हुनु ।
- ★ वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको कमजोर क्रियाशीलता ।
- ★ ग्रामीण विद्युतीकरण कार्यक्रमले गति लिन नसक्नु ।
- ★ निजी क्षेत्र विद्युत उत्पादनमा लगानी वृद्धि गरी सक्रिय रुपमा अगाडि बढ्न नसक्नु ।
- ★ उर्जा विकासमा बारम्बार राजनीतिक हस्तक्षेप एवम् स्थानीयबासीबाट अवरोध हुनु ।
- ★ जलाशययुक्त जलविद्युत आयोजनाहरू प्राथमिकता साथ स्थापना एवम् सञ्चालन हुन नसक्नु आदि ।

**बढ्दो उर्जा संकट न्यूनीकरणका उपायहरू**

- ★ विद्युत उत्पादनको क्षेत्रमा देखा परेका राजनीतिक हस्तक्षेप तथा स्थानीयको अवरोध एवम् नीतिगत, संस्थागत र प्रकृयागत अवरोध तत्काल हटाउने ।
- ★ निर्माणाधीन जलविद्युत आयोजनाहरूमा तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गर्न ठेकेदारलाई दबाब दिने ।
- ★ देशमा प्राविधिक सीपयुक्त दक्ष जनशक्तिको विकास गर्ने तथा अधिक विद्युत चुहावट नियन्त्रण गर्ने ।
- ★ जलमाफियाद्वारा सम्पूर्ण नदिनालाको लाइसेन्स लिई विद्युत उत्पादन नगर्ने र अनैतिक रुपमा बिक्री वितरण गर्ने कार्यलाई निरुत्साहन गर्ने लाइसेन्स प्रदान कार्यलाई नदी बेसिनको आधारमा व्यवस्थित गर्ने ।
- ★ छिटो निर्माण संम्पन्न हुने, मर्मत सम्भार गर्दा उत्पादन बढ्न सक्ने तथा रोजगारी वृद्धि हुने आयोजनाहरुलाई प्रोत्साहित गर्ने ।
- ★ Run of River System मा मात्र नभएर storage आयोजनाहरुलाई पनि विकास गर्ने ।
- ★ उर्जा संरक्षण कार्यलाई बढावा दिन उपभोक्ताहरुलाई माग व्यवस्थापन गर्नका लागि अभिप्रेरित गर्ने ।
- ★ नेपाल र भारतबीच उच्च भोल्टेजको प्रसारण लाइनहरूको निर्माण गरी द्विपक्षीय आवश्यकता अनुसार विद्युत आयात (तथा निर्यात) गर्ने ।
- ★ ग्रामीण विद्युतीकरणका लागि गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने ।
- ★ वैकल्पिक उर्जा, क्याप्टिभ र रेन्टल प्लाण्ट मार्फत विद्युत खरिद गर्ने ।
- ★ वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको क्षमता वृद्धि गरी सौर्य उर्जा, वायु उर्जा, माइक्रो हाइड्रो प्रणाली आदिमा जोड दिने ।
- ★ जलविद्युत लगायत अन्य उर्जा उत्पादन आयोजनाको तोकिएको स्थापनमा आवश्यक सेवा सञ्चालन ऐन, २०१४ लागू गरी सुरक्षा साथ उर्जा उत्पादन कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउने ।
- ★ चिनी कारखानाको बगासबाट उत्पादन हुने विद्युत खरिद गर्ने ।
- ★ आवश्यकता अनुसार डिजेल वा फर्नेस आयलबाट विद्युत आपूर्ति गर्ने व्यवस्था मिलाउने ।
- ★ माग व्यवस्थापन (Demand Side Management) विधिद्वारा प्रणालीको लोड घटाउने/विस्थापन गर्ने ।

अन्त्यमा, उर्जा संकट आजको हाम्रो देशको नियति जस्तै बनेको छ किनकी देशमा मागको तुलनामा आपूर्ति निकै न्यून रहेको अवस्था छ । उर्जा संकटलाई अन्त्य गर्नका लागि तत्काल ठूला जलविद्युत आयोजनाहरू सञ्चालन गर्न सकिने सम्भावना नभएकोले वैकल्पिक, नवीकरणीय, सौर्य, साना जलविद्युत आयोजनाका माध्यमद्वारा उर्जाको आपूर्ति गर्ने साथै माग व्यवस्थापन विधिद्वारा विद्युत प्रणालीमा भार घटाउने तथा विद्युत चुहावट नियन्त्रण गर्दै नपुग उर्जा भारतबाट आयात गर्नु नै उर्जा संकटको तत्कालीन समाधानका उपायहरू हुन सक्दछन् ।

Question Bank Nepal

# अभ्यास प्रश्न सेट ५ समाधान सहित

## अभ्यास प्रश्न

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

(१) सामाजिक रुपान्तरण भन्नाले के बुझ्नुहुन्छ ? यसका विशेषताहरू उल्लेख गर्दै सामाजिक रुपान्तरणका चरणहरू संक्षिप्तमा व्याख्या गर्नुहोस् ।

(२) सांस्कृतिक विविधता भनेको के हो ? नेपालमा सांस्कृतिक विविधताको अवस्थाबारे चर्चा गर्दै यसको महत्व समेत उल्लेख गर्नुहोस् ।

(३) आतंकवाद (Terrorism) को परिचय दिँदै यसका कारणहरू उल्लेख गर्नुहोस् । आतंकवाद नियन्त्रणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रयासहरू कस्तो पाउनुहुन्छ ? लेख्नुहोस् ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

(४) आर्थिक विकास (Economic Development) बारेमा स्पष्ट पार्दै नेपालमा आर्थिक विकासका चुनौती के के देख्नुहुन्छ ? चर्चा गर्नुहोस् ।

(५) श्रम उदारीकरण भनेको के हो ? स्पष्ट पार्दै नेपालमा यस क्षेत्रमा देखिएका समस्याहरू र ती समस्या समाधानका उपायहरू उल्लेख गर्नुहोस् ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

(६) पूर्वाधार विकास भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा पूर्वाधार विकासमा देखा परेका समस्याहरू र समस्या समाधानका उपायहरूबारे समेत सुझाव दिनुहोस् ।

(७) समुदायमा आधारित विकास भनेको के हो ? यसका विशेषताहरू र महत्व सहित समुदायमा आधारित विकास बारेमा चर्चा गर्नुहोस् ।

(८) WTO को स्थानीयकरण भन्नाले के बुझिन्छ ? WTO मा नेपालको प्रवेशलाई अवसर र चुनौती के ठान्नुहुन्छ ? WTO को सदस्यताबाट पर्ने नकारात्मक असरलाई कम गर्नका लागि के गर्नु पर्ला ? उल्लेख लेख्नुहोस् ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

(९) विपद भन्नाले के बुझ्नुहुन्छ ? विपद् व्यवस्थापनको आवश्यकता एवम् महत्वमाथि प्रकाश पार्दै नेपालमा यस सम्बन्धमा भएका मौजुदा व्यवस्थाहरू उल्लेख गर्नुहोस् ।

(१०) वातावरण प्रदुषणबारे चर्चा गर्दै वातावरण प्रदुषणबाट उत्पन्न हुने समस्याहरू र ती समस्या समाधानका लागि अवलम्बन गरिनुपर्ने उपायहरू बुँदागत रुपमा लेख्नुहोस् ।

## समाधान

**(१) सामाजिक रुपान्तरण भन्नाले के बुझ्नुहुन्छ ? यसका विशेषताहरू उल्लेख गर्दै सामाजिक रुपान्तरणका चरणहरू संक्षिप्तमा व्याख्या गर्नुहोस् ।**

**सामाजिक रुपान्तरणको परिचय**

★ सामान्य अर्थमा भन्दा समाजको विद्यमान अवस्थामा आएको सकारात्मक परिवर्तन नै सामाजिक रुपान्तरण हो ।

★ सामजिक रुपान्तरण एकातर्फ मानव सभ्यता विकासको अपरिहार्य घटनाको रुपमा रहेको छ भने अर्कोतर्फ समाजलाई गतिशिलता दिन सामाजिक रुपान्तरण अनिवार्य शर्त हो ।

★ सामाजिक रुपान्तरणलाई सामाजिक चालचलन, मूल्य मान्यता सामाजिक व्यवहार र मापदण्डमा हुने समयानुकूल परिवर्तनको रुपमा लिइन्छ ।

★ भौतिक वस्तु र सामाजिक सम्बन्धको बीचमा परम्परागत फरक पर्ने अर्थात् समाजको आधुनिकीकरण नै सामाजिक रुपान्तरण हो ।


★ समग्रमा सामाजिक पर्यावरण, व्यवहार, मूल्य मान्यता एवम् सामजिक सम्बन्धमा आएको त्यस्तो परिवर्तन जसले समाजलाई सकारात्मक प्रभाव छाड्दै उत्पादनमूलक तरिकाले अग्रगमन तर्फ डोहोर्‍याएको हुन्छ, त्यसलाई नै सामाजिक रुपान्तरण भनिन्छ ।

**सामाजिक रुपान्तरणका विशेषताहरू**

मानव सभ्यता विकासको परम्परागत अवस्थादेखि आधुनिक समाज निर्माण सम्मको अवस्थालाई दृष्टिगत गर्दै

Question Bank Nepal

सामाजिक रुपान्तरणका विभिन्न चरणहरू छुट्याउने गरिन्छ। ती चरणहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छ :-




(१) **स्वार्थप्ररित/अहमवादी समाज :-** आफ्नो हित संरक्षणको लागि मात्र काम गर्ने र अरुको अस्तित्व पनि स्वीकार नगर्ने समाज/समाज समाजबीचमा अस्तित्वको लडाइँ हुँदा यस समाजले आफ्नो अस्तित्वको लागि संघर्ष गरेको थियो।

(२) **द्वैध/जातिगत समाज :-** मानव समाजको सामाजिक रुपान्तरण हुने क्रममा कुनै समाज सबल हुँदै गयो भने कुनै कमजोर हुँदै गई समाज समाजबीचमा केही विभेद देखा परे। सामाजिक विभेद बढ्नुका मूल कारणमा साधन स्रोतको उपलब्धता, क्षमता, बसोबासको अवस्थिति थिए। त्यस्तै गरी जातिगत आधारमा समेत समाज विभाजित भई ती समाजमा अवसर र पहुँचको असमानताले गर्दा कुनै समाज सबल र कुनै समाज दुर्बल हुँदै गए।

(३) **बहुलवादी/विकासवादी समाज :-** समाजमा शिक्षा, स्वास्थ्य, चेतना आदिको विकास हुँदै गई सामाजिक सेवा/सुविधाहरू बढ्दै जान थाले। जसले गर्दा सामाजिक संस्कार, रहनसहनमा परिवर्तन भई सामाजिक एकता प्रवर्द्धन हुँदै गयो। त्यसपछि एकले अर्काको अस्तित्व स्वीकार गर्न तथा सहकार्यमूलक प्रवृत्ति अनुशरण गर्न थालेपछि समाज बहुलवादी/विकासवादी समाजको रुपमा अगाडि आयो।

(४) **पूर्ण/एकीकृत समाज :-** सामाजिक रुपान्तरणबाट गुज्रदै आएको वर्तमान समाज पूर्ण विकासतर्फ लम्कदै गएको पूर्ण/एकीकृत समाज हो। सामाजिक रुपान्तरण हुने क्रममा विश्वव्यापी लाभहरू प्राप्त गर्न सक्ने गरी वर्तमानको समाज रुपान्तरित हुँदै गएको पाइन्छ। अनेकतामा एकताका भावनाहरूले स्थान पाई एउटै लक्ष्य, उद्देश्य र विकास प्रति प्रतिबद्ध समाजको विकास मात्र भएको छैन। विश्वव्यापीकरणको लहरले विश्व समाजको रुपमा सामाजिक रुपान्तरण हुँदै आएको पाइन्छ।

अन्त्यमा सामाजिक रुपान्तरण समाजको विद्यमान अवस्थामा आउने सकारात्मक परिवर्तन हो, जुन सुधारको गति भन्दा तीव्र हुन्छ। समाज आफैमा गतिशील हुने भएकोले समयानुकूल रुपमा रुपान्तरित हुनु यसको विशेषता हो। मानव सभ्यता विकासको परम्परागत अवस्थादेखि आधुनिक विश्वव्यापी समाजको निर्माणको क्रमसम्म आइपुग्दा सामाजिक रुपान्तरणका विभिन्न चरणहरू पार भै सकेको पाइन्छ। समयानुकूल रुपान्तरित हुन सक्ने सामाजिक व्यवस्थाले मात्र सदैव आफूलाई विकसित परिप्रेक्ष्यमा समाहित गर्न सक्ने हुँदा सोही अनुरुप आफूलाई रुपान्तरित गर्दै लैजानु आजका हरेक समुदायको आवश्यकता हो।

**(२) सांस्कृतिक विविधता भनेको के हो ? नेपालमा सांस्कृतिक विविधताको अवस्थाबारे चर्चा गर्दै यसको महत्व समेत उल्लेख गर्नुहोस्।**

**सांस्कृतिक विविधता (Cultural diversity)**

समाजमा रहेको विविध संस्कारहरू, धार्मिक क्रियाकलापहरू, चाडपर्वहरू, रहनसहन, रितीरिवाज तथा लोक जीवनका विभिन्न पक्षहरूको स्वतन्त्र अस्तित्व, मान्यता एवम् सम्मानको समष्टिगत अवस्थालाई नै सांस्कृतिक विविधता भनिन्छ। अर्थात सांस्कृतिक विविधताले विविध सँस्कारयुक्त एवम् सम्मानपूर्ण जीवन पद्धतिलाई संकेत गर्दछ।

कुनै पनि मुलुकको "अनेकतामा एकता" भन्ने मान्यताले उक्त मुलुकमा विधमान रहेको सांस्कृतिक विविधतालाई संकेत गर्दछ। त्यस्तै गरी विभिन्न धर्म र धार्मिक क्रियाकलाप एवम् विविध जात जाति र उनीहरुका संस्कार, चालचलन, चाडपर्व आदिको समान सम्मान गर्ने, कुनै किसिमको विभेद नहुने अवस्थाको सिर्जना गर्ने कार्य नै सांस्कृतिक विविधता हो। संवाद र विकासका लागि हरेक बर्ष मे २१ का दिन सांस्कृतिक विविधता दिवस मनाईन्छ।

**नेपालमा सांस्कृतिक विविधताको अवस्था**

नेपालमा एक बहु भाषाभाषी, जातजाति, धर्म सम्प्रदायका मानिसहरूको बसोबास भएको राष्ट्र नेपालको सांस्कृतिक विविधताको अवस्था लाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

Question Bank Nepal

★ नेपाल एक धर्म निरपेक्ष राष्ट्र भएकोले यहाँ सबै धर्मको समान महत्व छ, धार्मिक रुपमा कुनै विभेद वा विभाजन छैन ।

★ विविध धर्म अनुसारको सांस्कृतिक रुपमा हिन्दुहरूले दशैं, तिहार, छठ, आदिजस्ता चाडपर्व मनाउँछन् भने बुद्ध धर्म मान्नेहरू बुद्ध पूर्णिमा (बुद्ध जयन्ति) मनाउँछन् त्यस्तै गरी क्रिश्चियनहरू क्रिसमस डे मनाउँछन् । जुन सांस्कृतिक विविधताको राम्रो उदाहरण हो ।

★ नेपालमा भौगोलिक विविधतामा आधारित सांस्कृतिक विविधता रहेको छ । जस्तो हिमाली भेगमा बढि जाडो हुने हुँदा त्यहाँका मानिसहरू बाक्लो कपडा लगाउने तातो र जडिबुटियुक्त खाना एवम् मासुको प्रयोग बढि गर्दछन् भने मधेश तराईमा बसोबास गर्नेहरू पातला कपडाहरू जस्तो धोति, लुंगि, गन्जि, साडी, चोलो, घाँघर आदि लगाउँछन् भने रोटी, दाल, साग, सब्जी, दहि र माछा खुवा मन पराउँछन् ।

★ जातजातिगत रुपमा पनि नेपालमा सांस्कृतिक विविधता रहेको पाईन्छ ।

★ ब्राहम्ण, क्षेत्री पुरुषहरू जनै लगाउँछन्, जनैपूर्णिमा मनाउँछन् भने महिलाहरू तीज, ऋषिपञ्चमीमा व्रत बसी मनाउने गर्दछन् साथै यिनिहरूको विवाह र ब्रतवन्ध सम्बन्धी संस्कारहरू परम्परागत आर्य समाजका संस्कारमा आधारित छन् ।

★ नेवार समुदाय दशैं, तिहारका अलावा क्वाँटी पूर्णिमा, गठेंमंगल एवम् अन्य विभिन्न जात्राहरू धुमधाम सँग मनाउँछन् ।

★ हिमाली र पहाडी क्षेत्रमा बसोबास गर्ने गुरुङ, शेर्पा, तामाङ तथा थकाली जातिहरू उनीहरूको आफ्नै नववर्ष (ल्होसार पर्व) धुमधाम सँग मनाउँछन् ।

★ राई जातिले उधौली, उभौली पर्व धुमधामले मनाउने गर्छन् ।

**सांस्कृतिक विविधताको महत्व**

★ सांस्कृतिक विविधताले सांस्कृतिक रूपान्तरणमा सहयोग पुर्‍याउँछ ।

★ यसले विभिन्न जातजाति, भाषाभाषि, धर्म र संस्कारका मानिस बीच सुमधुर सम्बन्ध कायम राख्नमा मद्दत गर्दछ ।

★ सांस्कृतिक उत्सव चाडपर्वमा भेटघाटका माध्यमवाट सामाजिक सम्बन्ध दरिलो बनाउन सघाउ पुग्छ ।

★ सांस्कृतिक विविधताको विकासबाट मानिसमा विविध संस्कृति सम्बन्धी ज्ञान र सीपको विकास हुन्छ जसले गर्दा देशमा शिक्षा एवम् कला कौशलको उन्नती हुन जान्छ ।

★ सांस्कृतिक विविधताले देशको मौलिकता, विशेषता र परम्परालाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन सहयोग गर्दछ ।

★ सांस्कृतिक विविधता विदेशी पर्यटकका लागि आकर्षणको केन्द्रमा रहने हुँदा पर्यटन प्रवर्द्धन मार्फत विदेशी मुद्रा आर्जन गर्न सकिने ।

★ परम्परागत सम्पदा एवम् संस्कृतिको संरक्षण हुन गई समाजमा संस्कृति र सामाजिक परम्पराको विकास हुने आदि ।

नेपाल एक सांस्कृतिक विविधतायुक्त मूलुक भएकोले यहाँका सांस्कृतिक एवम् धार्मिक स्थल, चाडपर्वलाई सांस्कृतिक पर्यटनका दृष्टिवाट विकास गर्न सकेमा यसबाट प्रशस्त विदेशी मुद्रा आर्जन गरी देशलाई समृद्ध बनाउन सकिन्छ ।

**(३) आतंकवाद (Terrorism) को परिचय दिँदै यसका कारणहरू उल्लेख गर्नुहोस् । आतंकवाद नियन्त्रणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रयासहरू कस्तो पाउनुहुन्छ ? लेख्नुहोस् ।**

**आतंकवाद (Terrorism)**

ल्याटिन भाषाको 'terreo' बाट उत्पत्ति भई फ्रेन्च भाषाको 'terrorisme' बाट आएको 'terrorism' शब्दले तत्कालीन फ्रेन्च सरकारको आतंकको शासन ("region of terror") अन्तर्गत संचालित राज्य आतंकलाई बुझिन्थ्यो । ल्याटिन भाषामा terreo शब्दको अर्थ म डराउँछु (I frightn) भन्ने हुन्छ । तत्कालिन समयमा Terreo शब्दले सरकारद्वारा संचालित आतंककारी क्रियाकलापलाई बुझाउने गरेको पाईन्छ ।

छोटकरीमा भन्दा कुनै पनि हिंसात्मक कार्य वा त्यसको धम्की वा डरत्रास फैलाउने प्रकृतिको घटना वा कार्यलाई आतंकवाद भनेर अर्थ्याउन सकिन्छ । अर्थात् कुनै पनि देशको वैध व्यवस्था विरुद्ध गरिने हिंसात्मक कारबाही, हिंसाको धम्कि, व्यक्तिगत हिंसात्मक कार्य र मानिसलाई आतंकित गर्ने उद्देश्यले राखिएको हिंसापूर्ण विचार वा अभ्यास नै आतंकवाद हो ।

Question Bank Nepal

सन् २००४ मा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले आतंकवादलाई निम्नानुसार परिभाषित गरेको पाईन्छ : *"Any act intended to cause death or serious bodily harm to civiuans or non-combatants with the purpose of intimidating a population or compelling a government of an international organization to do or abstain from any act."*

समग्रमा भन्दा मानिसहरूलाई डर, त्रास, धम्किको माध्यमबाट आतंकित पार्ने वा सरकार, राजनीतिक दलहरू र समूहलाई हिंसात्मक क्रियाकलापको माध्यमबाट चुनौती सिर्जना गर्ने संगठित आधारको रुपमा रहेको आतंकवादका देहाय बमोजिमका विशेषताहरू समेतबाट यसबारे स्पष्ट हुन सकिन्छ ।

★ आफ्ना राजनीतिक वा गैरराजनीतिक उद्देश्य पूरा गर्न आतंकवादले हिंसा वा धम्किलाई सामान्य नियमको रुपमा अंगालेको पाईन्छ ।
★ आतंकवादमा हिंसा, हत्या, आक्रमण, अपहरण, हतियारको प्रयोग, तोडफोड आदि जस्ता कार्य पर्दछन् ।
★ आतंकवादमा कुनै न कुनै राजनीतिक लक्ष्य अन्तरनिहित हुन्छ ।
★ यो साध्य नभई साधन मात्र हो जुन निर्धारित उद्देश्य हासिल गर्नका लागि प्रयोग गरिन्छ ।
★ यसबाट सामान्य मानिसहरूसमेत प्रभावित हुने गर्दछन् ।
★ आतंकवाद परम्परागत सामान्य सैनिक शक्तिको वैकल्पिक प्रयोग हो ।
★ यसले सुरक्षा चुनौतीको सिर्जना गर्दछ ।
★ आतंककारी क्रियाकलापहरू भूमिगत रुपमा स्पष्ट र व्यवस्थित आदेशको श्रृंखला भएको संगठन मार्फत सञ्चालन गरिएको हुन्छ ।

आतंकवादलाई आमअराजकता, राजनीतिक आतंक, आर्थिक आतंकवाद, धार्मिक आतंकवाद, जातीय आतंकवाद, राज्य आतंकवाद गरी विभिन्न किसिमहरूमा वर्गीकरण गर्दै अध्ययन गर्ने गरिएको पाइन्छ ।

**आतंकवादका प्रमुख कारणहरू**

★ कुनै जाति, समुदाय वा सम्प्रदाय विरुद्ध लामो समयसम्म भेदभाव, अन्याय र अत्याचार यातना एवम् अमानवीय व्यवहार गरिएमा कालान्तरमा त्यसबाट आतंकवादको उत्पत्ती हुन जान्छ ।
★ आर्थिक स्रोत र शक्ति सीमित भएका मुलुकका जनताले साम्राज्यवादबाट तेस्रो देशका गरिब जनतामाथी भएको शोषणका विरुद्धमा आतंकवादी क्रियाकलाप गर्ने गर्दछन् ।
★ तानाशाही एवम् अधिनायकवादी शासकद्वारा मानवअधिकारको हनन गरेर अन्याय र अत्याचार कायम राख्दै शासन सञ्चालन गरिरहेमा पनि त्यसको प्रतिक्रिया स्वरुप आतंकवाद जन्मिन्छ ।
★ राज्यसंग प्रत्यक्ष वा परोक्ष सम्बन्ध राख्ने आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक र नैतिक तत्वहरू ।
★ दोस्रो विश्वयुद्ध पछि सुरु भएको पूर्वी र पश्चिमी गुटहरू बीचको शीतयुद्धको कारणले पनि आतंकवादले प्रश्रय पायो ।
★ दिशाहीन राजनीति, भ्रष्टाचार, राज्य संयन्त्रमा मनोमानी, स्रोत साधनको चरम दुरुपयोगको कारण पनि द्वन्द्व सिर्जना हुन्छ ।
★ देशको संविधानले स्थापित गरेका मूल्य र मान्यताहरूको उल्लघंन एवम् सामाजिक, धार्मिक तथा जातीय समस्याको समाधान हुन नसक्नु ।
★ विज्ञान प्रविधि आतंकवाद नियन्त्रणको एक प्रमुख आधार हो तर उचित उपयोगको अभावमा व्यवहारमा यसले आतंकवादलाई बढाउनमा मद्दत गरेको छ ।
★ आफ्नो प्रथा, परम्पराको संरक्षण तथा धर्म, संस्कृति एवम् जातीय भावनाको प्रचार प्रसार गर्नु ।
★ सुशासनको सर्वथा अभाव एवम् बेरोजगारको सङ्ख्या वृद्धि हुनु ।
★ विभिन्न राज्य एवम् राष्ट्रहरूबाट आतंकवादको संरक्षण एवम् भौतिक, आर्थिक र मनोवैज्ञानिक सहयोग र समर्थन हुनु ।

**नेपालमा आतंकवादको नियन्त्रण प्रयास**

★ नेपाल सदैव विश्वशान्तीको पक्षमा रहेको र संयुक्त राष्ट्रसंघको महासभामा नेपालले सदैव आतंकवाद नियन्त्रणको दिशामा आवाज उठाएको छ । आतंकवाद विरोधी संयुक्त राष्ट्र संघीय प्रस्तावहरूमा नेपालले समर्थन जनाएको छ ।
★ नेपाललाई कुनैपनि आतंकवादी शक्तिको लागि Shelter बन्न नदिने नेपालको सुरक्षा नीति रहेको ।
★ नेपालले कुनैपनि छिमेकी राष्ट्रविरुद्ध हुने आतंककारी गतिविधिका लागि नेपालको भूमि प्रयोग हुन नदिने नीति अवलम्बन गरेको छ ।
★ नेपालले आतंकवाद विरुद्ध सूचना संकलन, अनुसन्धान र कारवाहीको लागि साझेदारीलाई जोड दिएको छ ।
★ SAARC को तेस्रो शिखर सम्मेलनबाट नै दक्षिण एसियाली क्षेत्रमा हुने आतंककारी गतिविधि विरुद्ध

Question Bank Nepal

सदस्य राष्ट्रहरू ऐक्यबद्ध हुनुपर्ने कुरामा नेपालले जोड दिँदै आएको र आतंकावाद विरुद्धको SAARC स्तरीय प्रस्ताव नेपालले पारित गरेको ।

★ अन्तर्राष्ट्रिय आतंकवादी गतिविधिमा आएको वृद्धि सँगै यस्ता गतिविधिबाट बच्नेतर्फ नेपाल सदैव चनाखो हुनुपर्ने आवश्यकता छ साथै नेपाललाई आतंकवादीको आश्रयस्थल हुन नदिने तर्फ पनि नेपाल सजग हुनु उत्तिकै आवश्यक देखिन्छ ।

**आतंकवाद नियन्त्रणका अन्तर्राष्ट्रिय प्रयासहरू**

★ सन् १९३४ अक्टोबर ९ मा युगोस्लाभियाका राजा अलेक्जेन्डरको फ्रान्समा हत्या भएपछि यस विषयमा चर्चा र बहस हुन थाल्यो । त्यसैको फलस्वरुप League of Nations ले राजनीतिक आतंकवादलाई दमन गर्न अन्तर्राष्ट्रिय सम्मेलनको आहृवान गरी उक्त सम्मेलनले सन् १९३७ मा दुईवटा महासन्धी पारित गऱ्यो ।

★ अन्तर्राष्ट्रिय आतंकवाद रोक्नका लागि वायुयान अपहरण सम्बन्धी टोकियो महासन्धी, १९६३, वायुयान उडानको अवस्थामा अवैध नियन्त्रण रोक्ने हेग महासन्धी, १९७०, नागरिक उड्डयनको सुरक्षा सम्बन्धी मन्ट्रियल महासन्धी, १९७१ लगायतका महासन्धीहरू पारित भएका ।

★ सन् १९७२ डिसेम्वर १८ मा महासभाले प्रस्ताव नं.३०३४ लाई ग्रहणगरी सन् १९७७ जनवरी १९ मा महासभाले आफ्नो ३१ औँ बैठकबाट अन्तर्राष्ट्रिय आतंकवाद प्रति चिन्ता गर्दै पारित गऱ्यो ।

★ संयुक्त राष्ट्रसंघले सन् १९८४ मा आतंकवादी गतिविधि संगठित गर्ने, मद्दत गर्ने र सम्मिलित हुने क्रियाकलापबाट अलग रहने समेत आह्वान गऱ्यो ।

★ आतंकवादी क्रियकलापमा हुने वित्तीय लगानी रोक्न तथा मुद्रा निर्मलीकरणबाट उत्पन्न समस्या समाधान गर्न फ्रान्सको राजधानी पेरिसमा सन् १९८९ मा एक अन्तरसरकारी निकायको रुपमा Finacial Action Task Fore (FATF) स्थापना ।

★ सबै खालका आतंकवादलाई निमूल गर्ने कार्यमा अन्तर्राष्ट्रिय ऐक्यबद्धता कार्य गर्ने UN महासभाले जोड दिएको ।

★ सन् २००१ सेप्टेम्वर ११ मा अमेरिकामा आतंकवादी हमला/आक्रमण भएपछि आतंकवाद नियन्त्रण गर्न सबै राष्ट्रहरूले राष्ट्रसंघले अनुगमन गरी निर्णय लिने विषयमा २८ सेप्टेम्बर २००१ मा निर्णय गरियो । साथै FATF लाई अझ सक्रिय बनाइएको ।

★ संयुक्त राष्ट्रसंघ अन्तर्गत हेगमा अन्तर्राष्ट्रिय फौजदारी अदालत गठन गर्ने महासन्धी अनुरुप सन् २००२ मा स्थापना भै कार्य गरिरहेको ।

★ सन् २००१ मै संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदले प्रस्ताव नं.१३७३ पारित गरी सबै सदस्य राष्ट्रहरूले सो प्रस्ताव तथा आतंकवादीलाई आर्थिक सहयोग नियन्त्रण गर्ने महासन्धिलाई पूर्णतः लागू गर्नुपर्ने निर्देशन दिएको ।

★ अन्तर्राष्ट्रिय आतंकवादीहरूको विभिन्न देशमा रहेको बैंकखाता रोक्का राख्ने कार्य सन् २००१ पछि प्रारम्भ भएको ।

★ काठमाण्डौमा सन् १९८७ मा सम्पन्न सार्कको तेस्रो शिखर सम्मेलनमा आतंकवादलाई दमन गर्नका लागि सार्क प्रादेशिक क्षेत्रीय महासन्धिको अनुमोदन गऱ्यो ।

★ सन् २००९ मा सम्पन्न सार्क शिखर सम्मेलनले पनि आतंकवाद नियन्त्रण गर्ने सम्बन्धी अभिसन्धि पारित गरी आतंकवाद नियन्त्रणमा प्रतिवद्धता जाहेर गरेको ।

अन्त्यमा, आतंकवाद सम्बन्धी समस्या वर्तमान समयमा मानवता विरुद्धको एक भयानक एवम् जटिल संगठित अपराधको रुपमा खडा भएको छ जसले गर्दा विश्व गम्भिर संकटमा परेको छ । आतंकवादका वास्तविक कारणहरूको गहन खोज, अध्ययन एवम् विश्लेषण गरी आतंकवादको जरासम्म पुगेर र समाधान नखोजेसम्म आतंकवाद नियन्त्रणका लागि जतिसुकै पैसा खर्च गरेतापनि यो नियन्त्रण गर्न असम्भव प्रायः छ । त्यसैले यसतर्फ संयुक्त राष्ट्रसंघ लगायत शक्तिशाली राष्ट्रहरूको समयमै ध्यान जानु जरुरी छ ।

**(४) आर्थिक विकास (Economic Development) वारेमा स्पष्ट पार्दै नेपालमा आर्थिक विकासका चुनौती के के देख्नुहुन्छ ? चर्चा गर्नुहोस् ।**


**आर्थिक विकास (Economic Development)**

अर्थतन्त्रमा आएको आर्थिक समृद्धिका माध्यमबाट समग्र जनताको जीवनस्तरमा आएको सकारात्मक परिवर्तन/जीवन स्तरमा भएको वृद्धि नै आर्थिक विकास हो । अर्थात् आर्थिक विकास भनेको आर्थिक वृद्धि सँगै अर्थतन्त्रमा देखिएको गरिबी न्यूनीकरण, घट्दो बेरोजगारी, सबै प्रकारका असमानताको अन्त्य, आर्थिक स्थायित्व, भूक्तानी सन्तुलन जस्ता गुणात्मक एवं परिमाणात्मक परिवर्तन भएको अवस्था हो । आर्थिक विकास जनताको जीवनस्तरमा आएको



Question Bank Nepal

गुणात्मक परिवर्तन हो यसले आर्थिक श्रोत एवम् साधनहरू माथि सबै नागरिकको पहुँच, आर्थिक गतिविधिमा सहभागिता र उपलब्धीहरूको समानतामूलक एवम् समतामूलक वितरणको प्रत्याभूति गर्दछ । अमर्त्य सेनले आर्थिक विकासलाई अर्थतन्त्रमा आएको परिमाणात्मक एवम् गुणात्मक परिवर्तन जसले मानव संसाधन, पूर्वाधार विकास, पर्यावरणीय दिगोपन, सामाजिक समावेशीकरण, स्वास्थ्य, शिक्षा एवम् सुरक्षा जस्ता विषयलाई समेट्छ भनेका छन् ।




आर्थिक विकास समग्र विकासको एक आयाम हो जसले विकासका अन्य आयामहरू जस्तो सामाजिक आयाम, सांस्कृतिक आयाम एवम् मानवीय पक्षको विकासमा पनि सघाउ पुऱ्याउँदछ । आर्थिक वृद्धि हुँदैमा आर्थिक विकास हुन्छ नै भन्ने हुँदैन यसका लागि गरिबी एवम् बेरोजगारीको न्यूनीकरण गर्दै समन्यायिक तरिकाले राष्ट्रिय आयको वितरण गरी समग्र मानिसको जीवन स्तरमा नै गुणात्मक परिवर्तन ल्याउन सक्नुपर्दछ । आर्थिक विकासलाई निम्न कुराहरूको समग्रताको रुपमा हेर्न सकिन्छ :-

- सरकात्मक विभेद एवम् समतामूलक अवधारणाका माध्यमबाट अर्थतन्त्रका लाभहरू सबैले प्राप्त गर्न सक्ने अवस्थाको सिर्जना गर्नु,
- विकेन्द्रीकरण एवम् जनसहभागिताका माध्यमद्वारा उत्पादनका साधनहरूमा सर्वसाधारण जनताको पहुँच बढाउनु,
- नयाँ नयाँ प्रविधिको विकास एवम् अवलम्बनद्वारा औद्योगिक विकास एवम् व्यापार प्रवर्द्धन,
- पारदर्शिता अभिवृद्धि एवम् भ्रष्टाचार नियन्त्रण,
- कृषि, वन एवम् अन्य प्राकृतिक सम्पदाहरूको दिगो उपयोग ।

समग्रमा भन्दा आर्थिक वृद्धिले पारेको सकारात्मक प्रभाव वा असर नै आर्थिक विकास हो । यो राज्यको सर्वोपरी लक्ष्य हो, जसले समग्र परिवर्तनलाई समेट्दछ । त्यसैले नेपालको अन्तरिम संविधान,२०६३ ले पनि आर्थिक विकास राज्यको मूल उद्देश्य रहने कुरा उल्लेख गरेको पाईन्छ । आर्थिक वृद्धिका माध्यमबाट देशमा विद्यमान गरिबी एवम् विकासको अवस्था आदिमा न्यूनीकरण भई Ecomonically Richness एवम् Happyness of the Public Life को अवस्था सिर्जना हुनु नै आर्थिक विकास हो ।

**नेपालमा आर्थिक विकासका चुनौतीहरू**

★ शान्ति सुरक्षाको अभाव एवम् राजनैतिक अस्थिरताका कारण नेपालको अर्थतंत्र अझै संक्रमणकै अवस्थामा (Transitional Phase) मा रहेको अवस्थामा आर्थिक रुपान्तरणका माध्यमबाट आर्थिक विकास गर्नु हाम्रो लागि सबैभन्दा प्रमुख एवम् अहम चुनौतीको रुपमा रहेको छ ।

★ जटिल भौगोलिक अवस्था, बढ्दो व्यापार घाटा र भुक्तानी असन्तुलन, उर्जा तथा विद्युत संकट, बढ्दो जनसंख्या वृद्धि, बढ्दो भ्रष्टाचार र खस्कदो सुशासन जस्ता पक्षहरू पनि नेपालमा आर्थिक विकासका चुनौतीका रुपमा रहेका छन् ।

★ आर्थिक विकासको आधारको रुपमा रहेको आर्थिक वृद्धि वर्तमानमा न्यूनदरलाई वृद्धि गरी दोहोरो अंकमा हासिल गर्नु अर्को महत्वपूर्ण चुनौती ।

★ मुलुकमा विद्यमान व्यापक गरीवी एवं अशिक्षालाई सम्बोधन गर्न समन्यायिक वितरण प्रणाली एवम् गरिबी निवारणका कार्यक्रमहरू सफल रुपमा सञ्चालन गर्दै गरिबी न्यूनीकरण गरी सम्पूर्ण नेपालीलाई आर्थिक रुपले समृद्ध बनाउने कुरा पनि चुनौतीको रुपमा रहेको छ ।

★ प्राकृतिक स्रोतको दिगो उपयोगको अभाव, कमजोर मानव संशाधन, राष्ट्रिय हित अनुसारको वैदेशिक लगानी मात्र स्वीकार गर्ने संस्कृति विकास नहुनु, असन्तुलित क्षेत्रिय विकास, सक्षम नीजि क्षेत्रको अभाव, आयको असमान वितरण जस्ता पक्षहरू पनि नेपालमा आर्थिक विकासका चुनौतीका रुपमा रहेका छन् ।

★ नेपालले सन् १९९० को दशक देखि नै खुला एवम् उदार अर्थव्यवस्थालाई अवलम्बन गरेको भएता पनि राज्यले अझै पनि सञ्चालनको समेत भूमिका खेलिरहेको अवस्थामा सरकारको अर्थव्यवस्थामा के

Question Bank Nepal

भूमिका रहने, निजी क्षेत्रले कस्तो काम गर्ने भन्ने विषयमा द्विविधा रहनु ।

★ आर्थिक विकासका लागि सरकार, निजी क्षेत्र एवम् सहकारी तथा अन्य क्षेत्रको Role define गरी सोही अनुरुपको क्षेत्रमा ध्यान केन्द्रित गरी रोजगारी सिर्जना गरी जनताको आयस्तरमा वृद्धि गर्नु ।

★ डर, धाक, धम्की, चन्दा आतंक एवम् नाममात्रका पेशागत संगठनहरूको अवाञ्छित कार्यका कारण समग्र आर्थिक क्षेत्र तहस नहस भएको अवस्थामा औद्योगिक शान्ति सुरक्षा कायम गर्दै उचित लगानीको वातावरण सिर्जना गर्ने चुनौती ।

★ देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउने कृषि क्षेत्र सदैव राज्यको उपेक्षामा पर्ने गरेको तीतो यथार्थतालाई मनन गर्दै वैज्ञानिक एवम् आधुनिक कृषि प्रणालीको विकास गर्ने चुनौती ।

★ देशमा रोजगारीका अवसरहरूको अभावका कारण ठूलो जनशक्ति विदेशिनु परेको यथार्थता एकातिर छ भने अर्कोतिर उनीहरूले पठाएको Remmitance गैर उत्पादनमूलक क्षेत्रमा मात्र खर्च भइरहेकोले Remmitance आयलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्नु चुनौतीका रुपमा रहेको ।

★ सरकारी खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन सरकारी खर्चको प्राथमिकीकरण गरी नतिजा मुलक खर्च प्रणालीको विकास गर्नु ।

★ निर्यात प्रवर्द्धनमूलक नीतिहरूका माध्यमबाट नेपालको बढिरहेको वैदेशिक व्यापार घाटालाई कम गर्नु ।

★ पर्यटकीय पूर्वाधारको विकास गर्दै गुणस्तरीय पर्यटकको संख्यामा वृद्धि गर्नु ।

अन्त्यमा, आर्थिक विकासको एक स्तर प्राप्त गरिसकेका विकसित राष्ट्रहरूका लागि उच्च आर्थिक वृद्धिदर हासिल गर्नु अहम् रहेको हुन्छ भने हाम्रो जस्तो अल्पविकसित एवम् संक्रमणकालीन अवस्थाका मुलुकका लागि शान्ति सुव्यवस्था, राजनीतिक स्थिरता एवम् औद्योगिक सुरक्षाका माध्यमबाट लगानीको वातावरण तयार गर्ने तथा स्वास्थ्य शिक्षा, यातायात, विद्युत, खानेपानी जस्ता पूर्वाधारको विकास गरी आर्थिक वृद्धिका साथै आर्थिक विकास गर्नु आजको आवश्यकता हो, जसले हाम्रो Transitional Economy लाई Developed Economy मा रुपान्तरण गर्न सहयोग गर्नेछ ।

**(५) श्रम उदारीकरण भनेको के हो ? स्पष्ट पार्दै नेपालमा यस क्षेत्रमा देखिएका समस्याहरू र ती समस्या समाधानका उपायहरू उल्लेख गर्नुहोस् ।**

**श्रम उदारीकरण**

अर्थतन्त्रमा श्रमिक वर्गको भूमिका महत्वपूर्ण हुन्छ । त्यसैले श्रमिकका हक तथा अधिकारहरू सुनिश्चित हुने गरी प्रतिस्पर्धालाई महत्व दिँदै श्रम सम्बन्धको विषयमा खुल्ला, उदार र बजारमुखी अवधारणाको अवलम्बन गरी माग र आपूर्ति बजारबाट निर्धारण हुने एवम् श्रमिकका लोकतान्त्रिक अधिकारको स्थापना गर्ने कार्य नै श्रम उदारीकरण हो । श्रम उदारीकरणले निम्न कुराहरूलाई समेट्ने गर्दछ ।

★ विभेद रहित श्रम सम्बन्ध सहितको श्रम गर्ने स्वतन्त्रता,

★ बजार व्यवस्था र प्रतिस्पर्धात्मक आधारमा श्रमिकको माग र आपूर्ति एवम् श्रोतको न्यूनतम ज्याला निर्धारण हुन सक्ने व्यवस्था,

★ श्रमिकहरूको Trade Union अधिकार र Collective Bargaining को अधिकार,

★ श्रमिकको Hire and Fire गर्न उद्योग स्वतन्त्र हुने,

★ सरकार, व्यवस्थापक र श्रमिकको त्रिपक्षीय समझदारीबाट श्रम क्षेत्रका समस्या समाधान गर्ने लोकतान्त्रिक प्रणाली,

★ श्रमका लागि अन्तर्राष्ट्रिय बजार खुला ।

**श्रम उदारीकरणको क्षेत्र**

- श्रम स्वतन्त्रता
- अन्तर्राष्ट्रिय खुलापन
- माग र आपूर्तिमा आधारित बजार
- बजारले नै ज्यालादर निर्धारण
- ट्रेड युनियन अधिकार
- सामूहिक सौदाबाजी

**श्रम उदारीकरणका क्षेत्रमा देखा परेका समस्याहरू**

★ व्यवस्थापक र श्रमिक बीच साझेदारीको भावना भन्दा पनि मालिक र नोकरको सम्बन्ध रहेको अर्थात् सदैव व्यवस्थापक र मजदुरबीच विवाद हुने गरेकोमा असल श्रम सम्बन्ध कायम गर्नमा चुनौती ।

★ अझै पनि सम्पूर्ण श्रमिकहरू एकजुट भई श्रमिकका हक हितमा लाग्नुपर्नेमा राजनीतिक मान्यता र आवद्धताका

Question Bank Nepal

आधारमा विभाजित भई विभिन्न समूहले भिन्न भिन्न कुराको माग राख्ने गरेको ।

★ राजनीतिक आडका आधारमा व्यवस्थापक माथि अनावश्यक माग पूरा गरिदिनका लागि अनुचित दबाब दिने प्रवृत्ति, सामूहिक सौदाबाजीलाई बेवास्ता गर्ने गरिएको,

★ गैर मौद्रिक रुपमा गर्ने गरिएका श्रम, घरेलु श्रम, असंगठित श्रम एवम् बालश्रमलाई श्रम उदारीकरणको दायराभित्र ल्याउन नसकिनु ।

★ Trade Union को अनावश्यक दबाबका कारण राम्रो काम नगर्ने श्रमिकलाई पनि fire गर्न नसकिने ।

★ श्रम सम्बन्धी निर्णय प्रक्रियामा उद्योग धन्दामा काम गर्ने भन्दा पनि काम नगर्ने राजनीतिक श्रमिकको संलग्नता ।

★ बेरोजगारी समस्याका कारण श्रमिकहरू न्यूनतम पारिश्रमिकमै काम गर्न बाध्य छन् Collective Bargaining का लागि श्रमिकको Bargaining Power कमजोर छ ।

★ देशभित्र उचित अवसरको अभावका कारण जनशक्ति विदेश पलायन हुने प्रवृत्ति ।

**समाधानका उपायहरू**

★ व्यवस्थापक र श्रमिक बीच विपक्षीको सम्बन्ध होइन सहकारी/साझेदारको सम्बन्ध कायम गर्न तर्फ पहल गरिनु पर्दछ ।

★ राजनीतिक आडका आधारमा अनुचित माग समेत पूरा गर्नका लागि व्यवस्थापकलाई दबाब दिने प्रवृत्तिको अन्त्यका लागि राज्य समेत यस तर्फ सचेत बन्नु पर्दछ ।

★ श्रम तथा श्रमिकको हक, हित सम्बन्धी निर्णय प्रक्रियामा देखावटी श्रमिक/राजनीतिक कार्यकर्ताको सट्टा वास्तविक श्रमिककै प्रतिनिधित्व सुनिश्चित गर्ने ।

★ श्रमिकहरू राजनीतिक आस्थाका आधारमा विभाजित नभई श्रमिकको हक हितको प्रवर्द्धनका लागि एकजुट हुनुपर्छ ।

★ श्रमिकहरूमा अरुको काम गर्ने भन्ने भावना होइन की ownership को भावना विकास हुनुपर्दछ ।

★ न्यून पारिश्रमिकमा श्रमिकहरू काम गर्न परिरहेको वर्तमान अवस्थामा दुई पक्षीय वार्ता एवम् सम्झौताद्वारा पारिश्रमिक निर्धारण हुने व्यवस्था गर्ने ।

★ श्रमिकहरूले आफ्नो उचित अनुचित सबै खाले माग पूरा गराउनका लागि लामो समयसम्म उद्योग व्यावसाय बन्द गर्ने र बन्दको समयको पनि पारिश्रमिक मागी अनावश्यक विवाद सिर्जना गर्ने गरेकाले No pay for No works को सिद्धान्त लागू गर्ने ।

★ देशमा लगानीको उचित वातावरण सिर्जना गरी रोजगारीको उचित अवसर सिर्जना गर्ने आदि ।

अन्त्यमा आर्थिक उदारीकरणको एक अंगको रुपमा रहेको श्रम उदारीकरणका लागि सरकारी पक्षबाट विभिन्न कानूनी, नीतिगत तथा संस्थागत प्रयासहरू गरिएका भएता पनि श्रमको क्षेत्रमा देखिएका अत्याधिक राजनीतिक हस्तक्षेप, दबाबको सिर्जना एवम् श्रमिक र व्यवस्थापक बीचको असमझदारी र न्यून पारिश्रमिक जस्ता कुरा श्रम उदारीकरणको क्षेत्रमा चुनौतीको रुपमा देखा परेका छन् । जसका लागि सरकारी प्रयासले मात्र सम्भव हुँदैन त्यसैले श्रमिक र व्यवस्थापक बीच हार्दिक सम्बन्ध, सामूहिक सौदाबाजी प्रणाली, राजनीतिक अहस्तक्षेप कायम गर्नमा निजी क्षेत्र, श्रमिक संगठन एवम् सरोकारवाला सम्पूर्ण पक्षको प्रयास हुनु जरुरी छ ।

**(६) पूर्वाधार विकास भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा पूर्वाधार विकासमा देखा परेका समस्याहरू र समस्या समाधानका उपायहरूबारे समेत सुझाव दिनुहोस् ।**

**पूर्वाधार विकास**

देशको समग्र विकास प्रक्रियाको आधार स्तम्भको रुपमा रहेका विभिन्न किसिमका (भौतिक तथा अभौतिक) पूर्वाधारहरूको निर्माण, स्थापना, सञ्चालन गरी सोको माध्यमबाट अन्य आर्थिक गतिविधिलाई सहज गराउनु नै पूर्वाधार विकास हो । सामान्य बुझाइको भाषामा भन्दा पूर्वाधार विकास भन्नाले शिक्षा, स्वास्थ्य, सडक, खानेपानी आपूर्ति, ढल निकास तथा सरसफाइ सेवा, दुरसञ्चार, विद्युत आदिमा भएको विकासलाई नै पूर्वाधार विकास भनिन्छ ।

पूर्वाधार विकासलाई कुनै पनि देशको विकासको अवस्था मापन गर्ने आधारभूत कडिका रुपमा लिइन्छ किनकी विकासको प्रारम्भिक चरणमा पूर्वाधार विकासमा उल्लेख्य लगानी गरेका मुलुकको विकास अन्य मुलुकको तुलनामा उच्च रहेको पाइन्छ ।

पूर्वाधारहरू विकासका लागि चाहिने प्रारम्भिक संरचना तथा सक्षमता हुन् जसको विकासको माध्यमबाट स्थानीय श्रोत, साधन तथा सम्भावनाको परिचालन एवम् उपयोग, बाह्य सम्भावनाको दोहन र विकासलाई दिगो बनाउन सकिन्छ ।

पूर्वाधार विकासलाई मुलुकको सामाजिक, आर्थिक, सांस्कृतिक एवम् मानव विकास र पूर्वाधार विकासबीच

Question Bank Nepal

प्रत्यक्ष सम्बन्ध रहेको भन्न सकिन्छ किनकी यसबाट नै उत्पादनका साधनको गतिशीलता तथा प्रभावकारीता अभिवृद्धि गर्न मद्दत पुऱ्याउँछ ।

**पूर्वाधार विकासको वर्गीकरण**

निर्माण तथा सञ्चालन गरिन लागिएका पूर्वाधारहरूको संरचना, प्रकृति र उपयोगको आधारमा पूर्वाधारको विकासलाई भौतिक पूर्वाधार विकास र अभौतिक पूर्वाधार विकास गरी २ भागमा वर्गीकरण गर्न सकिन्छ ।

***(१) भौतिक पूर्वाधार विकास (Hard Infrastructure Development)***

आर्थिक एवम् औद्योगिक विकासका लागि आवश्यक सडक, शुद्ध खानेपानी, ढल निकास, सिँचाइ,सूचना तथा संचार प्रविधि, बिजुली एवम् ठूला भौतिक संरचनाहरू जसले उत्पादनका विभिन्न साधनहरूको गतिशीलता, परिचालन र परिवहनको माध्यमको रुपमा समेत काम गर्दछन् । त्यस्ता संरचनाको विकासलाई भौतिक पूर्वाधार विकास भनिन्छ ।

***(२) अभौतिक पूर्वाधार विकास (Soft Infrastructure Development)***

भौतिक रुपमा देख्न, छुन वा अनुभूत गर्न नसकिने तर भौतिक पूर्वाधारहरूको विकासमा समेत महत्वपूर्ण भूमिका खेल्न सक्ने पूर्वाधारको विकासलाई नै अभौतिक पूर्वाधार विकास भनिन्छ । अभौतिक पूर्वाधार विकास अन्तर्गत निःशुल्क एवम् सहुलियत शिक्षा, निःशुल्क आधारभूत स्वास्थ्य सेवा, आर्थिक श्रोतहरूको सहज परिचालनका लागि व्यापक बैकिङ्ग, सेवा एवम् वित्तीय प्रणाली, सामाजिक सुरक्षा आदि पर्दछन् ।

**नेपालको पूर्वाधार विकासमा देखा परेका समस्याहरू**

पूर्वाधार विकासलाई मूल लक्ष्य मानेर विभिन्न नीतिगत तथा कार्यक्रमगत व्यवस्थाहरू गरिएका भएता पनि निम्न (समस्याहरूले) कारणहरूले गर्दा अपेक्षित रुपमा पूर्वाधारहरू विकास हुन सकिरहेका छैनन् :-

★ विगतमा लामो समयसम्म चर्किएको राजनैतिक द्वन्द्वका कारण पूर्वाधारहरू पनि क्षतिग्रस्त हुनु र शान्ति प्रक्रियाको स्थापना पश्चात पनि राजनैतिक अस्थिरता एवम् भ्रष्ट मनोवृत्तिका कारण पूर्वाधार विकासले प्राथमिकता नपाउनु ।

★ उपयुक्त लगानीको वातावरणको अभावले स्वदेशी, निजी एवम् विदेशी लगानीलाई आकर्षित गर्न नसकिनु ।

★ कमजोर अर्थतन्त्रका कारण आन्तरिक श्रोतको परिचालनबाट मात्रै पूर्वाधार विकास गर्न नसकिनु ।

★ रोजगारीको अवसरहरूको अभावका कारण दक्ष एवम् उच्च क्षमतावान प्राविधिक जनशक्ति एकातिर विदेशीरहेका छन् भने अर्कातिर भौतिक पूर्वाधार विकासका लागि मुलुकभित्र जनशक्तिको अभाव हुनु ।

★ आवधिक योजनाका उद्देश्य अनुरुप वार्षिक बजेटका उद्देश्य तथा प्राथमिकता हुनुपर्नेमा यी दुईबीच तादात्म्यता नहुनु ।

★ भौगोलिक विकटता एवम् कमजोर भू-धरातल पूर्वाधार विकासमा अभिशापको रुपमा रहनु ।

★ पूर्वाधार विकासलाई देशको समृद्धिको आधारका रुपमा नबुझी निहित स्वार्थका लागि पूर्वाधार विकासमा अवरोध खडा गरिनु ।

★ पूर्वाधार विकासमा संलग्न विभिन्न निकायहरूबीच समन्वयको अभावले गर्दा व्यवस्थापन प्रभावकारी हुन नसक्नु ।

★ पूर्वाधार विकासमा स्थानीय जनताको सक्रिय सहभागिता कायम गराई स्वामित्व बोध गराउन नसकिएका कारण पूर्वाधार निर्माणमा स्थानीयको सहयोगको सट्टा अवरोध सिर्जना हुनु ।

★ कमजोर औद्योगिक श्रम सम्बन्धका कारण देशभित्र भित्रिएको विदेशी पूँजी एवम् प्रविधि फिर्ता हुनु एवम् स्वदेशी पूँजी एवम् जनशक्ति समेत विदेश पलायन हुने प्रवृत्ति बढ्दै जानु ।

★ विभिन्न किसिमका पूर्वाधारहरूलाई प्राथमिकीकरण गरी लगानी नगर्ने प्रवृत्तिका कारण कुनै पनि आयोजना प्रभावकारी रुपमा सम्पन्न हुन नसक्नु ।

★ विकास प्रशासक र परियोजना व्यवस्थापकको व्यावसायिक क्षमता कमजोर हुनु ।

**समस्या समाधानका उपायहरू**

★ पूर्वाधार विकास सम्बन्धी क्षेत्रगत नीति, आवधिक योजना, बजेटका प्राथमिकताबीच तालमेल एवम् समन्वयात्मक रुपमा विकास आयोजना सञ्चालन एवम् कार्यान्वयन गर्ने ।

★ पूर्वाधार विकास क्षेत्रमा लगानी प्रवर्द्धन गर्न लागनीमैत्री कानूनहरूको निर्माण गर्ने एवम् वातावरण सिर्जना गर्ने ।

★ आपसी सहमति एवम् सहकार्यको माध्यमबाट राजनैतिक स्थिरता कायम राख्दै देश विकासका लागि पूर्वाधारको विकास अत्यावश्यक छ भन्ने विचार एवम् सचेतना राजनैतिक पार्टी एवम् तिनका नेतृत्वकर्तामा जगाउनुपर्ने ।

Question Bank Nepal

★ Public-Private-Partnership को अवधारणा अनुरुप सरकार एवम् निजी क्षेत्रको सहभागितामा पूर्वाधार विकासका लागि उपलब्ध श्रोतहरूको परिचालन र प्रभावकारी उपयोगको व्यवस्था मिलाउने ।

★ पूर्वाधार विकासका क्षेत्रहरूको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त विकास आयोजनाहरूलाई पर्याप्त बजेट विनियोजन सुनिश्चित गर्ने ।

★ पूर्वाधार विकासका क्षेत्रगत मापदण्डहरू निर्धारण गरी सोको प्रभावकारी रुपमा पालना गर्नुपर्ने ।

★ पूर्वाधारहरूको निर्माण, दिगो व्यवस्थापन र उपयोगका लागि राजनैतिक एवम् संस्थागत सुशासनका माध्यमबाट प्रभावकारी प्रणालीको विकास गर्ने ।

★ विकासका पूर्वाधारहरूको आवश्यकता पहिचानको सहजताको लागि पूर्वाधार विकास सम्बन्धी भरपर्दो र विश्वासनीय सूचना तथा तथ्यांक प्रणालीको स्थापना गर्ने ।

★ स्थानीय जनताहरूको संलग्नता एवम् सहभागितामा स्थानीय पूर्वाधारहरूको निर्माण, सञ्चालन एवम् व्यवस्थापन गरी उनीहरूलाई स्वामित्व बोध तथा उत्तरदायित्व बोध गराउने ।

★ निर्मित पूर्वाधारहरूको गुणस्तर परीक्षण गरी गुणस्तरयुक्त भए नभएको सुनिश्चित गर्नका लागि वर्तमानमा भएका प्रयोगशालाहरूको प्रयोग गर्ने र आवश्यक परेमा थप प्रयोगशाला सञ्चालन गर्ने ।

★ विकेन्द्रित पूर्वाधार विकास कार्यक्रमलाई प्राथमिकता दिई कार्यान्वयन गर्नुपर्ने ।

★ विकास निर्माणका कार्यहरू गर्दा भावी पुस्ताका हितलाई पनि मध्यनजर राख्ने काम गर्नुपर्ने ।

★ वैदेशिक सहायतालाई जस्तो सुकै काममा लगाउनुको सट्टा प्राथमिकतापूर्ण आयोजनामा मात्र वैदेशिक सहायता र लगानी परिचालन गर्ने परिपाटी बसाल्नुपर्ने ।

★ उचित लगानीको वातावरण एवम् सुमधुर औद्योगिक श्रम सम्बन्धको विकासको माध्यमबाट वैदेशिक लगानी आकर्षित गर्ने ।

★ पूर्वाधार विकास कार्यमा संलग्न निकाय र तिनका कार्यक्रमहरूबीच समन्वयात्मक कार्य पद्दति अवलम्बन गर्नुपर्ने ।

★ विकास प्रशासक र परियोजना व्यवस्थापकको क्षमता विकास गर्ने ।

अन्त्यमा, पूर्वाधारको विकास विकासको आधारस्तम्भको रुपमा रहेको हुन्छ । नेपालको कमजोर एवम् सानो अर्थतन्त्र भएको अवस्था एकातिर छ भने अर्कोतिर भौगोलिक विकटताका कारण पूर्वाधार विकास कार्य खर्चिलो हुनुले आन्तरिक श्रोतको परिचालनबाट मात्र पूर्वाधारको विकास कार्य सम्भव हुँदैन । त्यसैले देशमा लगानीमैत्री वातावरणको सिर्जना गरी वैदेशिक लगानी भित्र्याउने एवम् आन्तरिक श्रोतको पनि परिचालन गरी विकास निर्माणको गुणस्तर कायम राख्दै सदाचार पूर्वक काम गर्न सकेमा देशले आर्थिक विकासको बाटो समात्न सक्दछ ।

**(७) समुदायमा आधारित विकास भनेको के हो ? यसका विशेषताहरू र महत्व सहित समुदायमा आधारित विकास बारेमा चर्चा गर्नुहोस् ।**

**समुदायमा आधारित विकास**

परम्परागत रुपमा विकासका संम्पूर्ण क्षेत्रमा राज्यले नै नेतृत्व लिएर लगानी गर्ने र जनतालाई विकासको लाभग्राही (Binificiary) को रुपमा लिने अवधारणामा आएको परिवर्तन स्वरुप जनता विकासको प्रतिफल प्राप्त गर्ने लाभ ग्राही मात्र होइनन् उनीहरु विकासका साझेदार पनि हुन् भन्ने धारणा नै समुदायमा आधारित विकासको मर्म हो । समुदायमा आधारित विकासको Model मा विकास कार्यहरूको आवश्यकता पहिचानदेखि निर्णय प्रक्रियाका सम्पूर्ण चरण, विकास गर्नका लागि आवश्यक पर्ने श्रोतको लगानी र विकास प्रक्रियाको व्यवस्थापन एवम् सोबाट प्राप्त लाभको उपभोग गर्ने अधिकार प्रत्यक्ष रुपमा समुदायमा नै रहन्छ ।

विश्व बैंक (World Bank) जस्ता अन्तर्राष्ट्रिय विकासका साझेदारहरूले सन् १९९० को दशकको मध्यतिर समुदायमा आधारित विकासको अवधारणा अघि सारेका हुन् । समुदायमा आधारित विकास त्यस्तो विकास हो, जुन समुदायको माग एवम् आवश्यकतामा आधारित रही सामुदायिक संलग्नतामै सञ्चालन गरी सोको लाभको प्रत्यक्ष रुपमा उपभोग गर्ने अधिकार पनि समुदायमा रहन्छ ।

Community driven development (CDD) is a development initiative that provides control of the development process, resources and decision making authority directly to community groups. - Wikipedia, the free encyclopedia

कुनै पनि समुदायको आवश्यकताका बारेमा राज्यलाई वा विकासका अन्य साझेदारहरूलाई भन्दा सोही समुदायलाई नै पूर्ण रुपमा जानकारी हुन्छ त्यसैले समुदायले पहिचान गरे अनुरुपको विकासका लागि उनीहरूलाई पर्याप्त श्रोत साधन, ज्ञान, क्षमता, दक्षता र अन्य सहयोग उपलब्ध गराउन सकेमा

Question Bank Nepal

आफ्नो आवश्यकता अनुसारको विकास गर्न सक्षम हुन्छन् जुन विकास दिगो पनि हुने हुनाले समुदायमा आधारित विकासलाई दिगो विकास प्राप्त गर्ने एक माध्यमको रुपमा पनि लिन सकिन्छ ।

**नेपालमा समुदायम आधारित विकास कार्यक्रमहरू**

- साना किसान विकास कार्यक्रम
- ग्रामिण महिलाको लागि उत्पादन कर्जा कार्यक्रम
- ग्रामीण विकास बैंक
- समुदायमा आधारित सिँचाइ प्रणाली
- समुदायिक स्वास्थ्य कार्यक्रम
- सामुदायिक खानेपानी व्यवस्थापन
- सामुदायिक वन कार्यक्रम

**समुदायमा आधारित विकासका विशेषताहरू**

★ समुदायमा आधारित विकासले समुदायको हित एवम् विकासलाई केन्द्रविन्दुमा राख्दछ ।

★ विकास प्रक्रियाको व्यवस्थापन समुदायमा आधारित संगठनहरू मार्फत हुने गर्दछ ।

★ विकास प्रक्रियाको सञ्चालन र सोको प्रतिफलमा समुदायको स्वामित्व, उत्तरदायित्व र जवाफदेहिता रहन्छ ।

★ विकास योजनाको आवश्यकता पहिचान, निर्माण, कार्यान्वयन लगायत समग्र प्रक्रियामा समुदायको व्यापक एवम् सक्रिय सहभागिता रहन्छ ।

★ विकास कार्यको अनुगमन, मूल्यांकन एवम् पृष्ठपोषण गर्ने काम पनि समुदायबाट गरिन्छ ।

★ विकास निर्माणका कार्यहरू सञ्चालन गर्ने आवश्यक पर्ने स्रोत समुदायमा हस्तान्तरण गरिन्छ र समुदायको नियन्त्रणमा कोष व्यवस्थापन हुने गर्दछ ।

★ समुदायमा आधारित विकास सामुदायिक परिचालनको एउटा सशक्त माध्यम र विकास व्यवस्थापनतर्फ प्रभावकारी औजारको एउटा रुपमा रहेको छ ।

★ समुदायमा आधारित विकासलाई समुदायले स्वामित्व बोध गर्ने तथा स्वीकार गर्ने हुँदा यसले स्थानीय समुदायको जीवतस्रतमा सुधार ल्याउँछ ।

**समुदायमा आधारित विकासको महत्व**

★ स्थानीय स्रोत, साधन तथा सीप र प्रविधिको समुचित परिचालनमा सहयोग पुग्ने,

★ विकासका सन्दर्भमा समुदायको वास्तविक आवश्यकताको पहिचान र सम्बोधन हुने,

★ विकासमा स्वामित्व, सामुहिक एकता र सहभागिताको भावनाको विकास हुने,

★ विकास प्रक्रियालाई समुदायमैत्री बनाउन सकिने,

★ विकासमा उत्पन्न हुन सक्ने विवादलाई समुदायमा नै निरुपण गर्न सकिने,

★ समुदायमा रोजगारीका अवसर वृद्धि हुने र गरिबी निवारणमा सहयोग पुग्ने,

★ विकासको प्रतिफललाई दिगो, सुरक्षित एवम् सामूहिक उत्तरदायित्व पूर्ण बनाउन सकिने,

★ आफ्ना सरोकारका विषयमा समुदायको सामूहिक निर्णय प्रणालीलाई प्रवर्द्धन गर्न सकिने,

★ लोकतान्त्रिक मूल्य मान्यताको प्रतिक स्वरुप स्थानीय स्तरबाट विकास कार्यक्रम परिचालन गर्न सकिने,

★ समुदायको सशक्तीकरण गरी विकास क्रियाकलापमा सरकारको कार्य बोझमा कमी ल्याउन सकिने ।

समुदायमा आधारित विकास हाम्रो जस्तो विकासमा पछाडी परेका राष्ट्रको लागि आवश्यक एवम् उपयोगी विकासको मोडल हो । यस पद्दतिको अवलम्बन गर्न सकिएमा जनताले विकासका लागि सरकारको मात्र मुख ताक्ने प्रवृत्तिको अन्त्य भई समाज र सरकारको सामूहिक पहलमा विकास गतिविधि सञ्चालन गरिने र विकास प्रति जनताको अपनत्व र स्वामित्व बोध हुने कुरामा विश्वस्त हुन सकिन्छ ।

**(८) WTO को स्थानीयकरण भन्नाले के बुझिन्छ ? WTO मा नेपालको प्रवेशलाई अवसर र चुनौती के ठान्नुहुन्छ ? WTO को सदस्यताबाट पर्ने नकारात्मक असरलाई कम गर्नका लागि के गर्नु पर्ला ? उल्लेख लेख्नुहोस् ।**

**WTO को स्थानीयकरण (Localization of WTO)**

समाजका विभिन्न पेशा, वर्ग, समुदाय र जनतालाई WTO का विभिन्न आयामहरूबारे कार्यमूलक रूपमा सचेत, जागरूक र तत्पर बनाउनुलाई WTO को स्थानीयकरण भनिन्छ । त्यस्तै गरी WTO मा प्रवेश गरेबाट सिर्जित अवसरहरूको उपयोग गर्न र चुनौतीहरूको सामना गर्न आन्तरिक रूपमा सचेत, सबल र तत्पर राजनीतिक, प्रशासनिक, व्यावसायिक, पेशागत, नीतिगत र सङ्गठनात्मक वातावरण पैदा गर्नु नै WTO को स्थानीयकरण हो ।

WTO प्रक्रियाबाट प्रत्यक्ष/परोक्ष रूपमा लाभान्वित र प्रभावित हुने जनसमुदायलाई यसबारेमा कार्यमूलक रूपमा सचेत र जागरूक बनाउनु WTO को स्थानीयकरणको मूल



Question Bank Nepal

अभिप्राय हो । WTO को स्थानीयकरण अन्तर्गत मूलतः कार्यमूलक सचेतना, मूलप्रवाहीकरण र WTO मैत्री वातावरण समेतका आयामहरू समेटेर अगाडि बढ्न सकेमा मात्र WTO अर्थात् विश्वव्यापीकरणबाट फाईदा लिन सकिने देखिन्छ ।

नेपाल विश्व व्यापार सङ्गठन (World Trade Organization-WTO) को सदस्य बनेको ६ वर्ष व्यतित भइसक्दा पनि WTO को माध्यमबाट नेपाली वस्तु तथा सेवाको अन्तर्राष्ट्रिय व्यापार विस्तार तथा विविधीकरण ( देशगत तथा वस्तुगत) गर्ने उद्देश्य हासिल गर्न नेपाल अपेक्षित रूपमा सफल हुन नसक्नु अर्थात् नेपालले WTO बाट अपेक्षित उपलब्धि हासिल गर्न नसक्नुको एक प्रमुख कारणको रुपमा WTO लाई नेपाली समाजका विभिन्न राजनीतिक, आर्थिक, सामाजिक र व्यावसायिक आयामहरूमा स्थानीयकरण (Localization) गर्न नसक्नुलाई लिने गरिन्छ ।

**WTO मा नेपालको प्रवेशलाई अवसर र चुनौती**

विश्व व्यापार संगठनमा नेपालको प्रवेशलाई अवसर र चुनौती दुवैको रूपमा लिन सकिन्छ । ती अवसर तथा चुनौतीहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :-

| The ten benefits | The ten misunderstandings |
|---|---|
| • The system helps promote peace | • The WTO dictates policy |
| • Disputes are handled constructively | • The WTO is for free trade at any cost |
| • Rules make life easier for all | • Commercial interests take priority over development |
| • Freer trade cuts the costs of living | • And over the environment |
| • It provides more choice of products and qualities | • And over health and safety |
| • Trade raises incomes | • The WTO destroys jobs, worsens poverty |
| • Trade stimulates economic growth | • Small countries are powerless in the WTO |
| • The basic principles make life more efficient | • The WTO is the tool of powerful lobbies |
| • Governments are shielded from lobbying | • Weaker countries are forced to join the WTO |
| • The system encourages good government | • The WTO is undemocratic |

**WTO को प्रवेश नेपाललालाई फ़ाइदा एवं अवसर**

★ निर्यात व्यापार वृद्धि गर्न WTO को उपयोग ।

★ अन्तर्राष्ट्रिय व्यापारमा विविधीकरण गर्ने अवसर ।

★ विविधिकृत अन्तर्राष्ट्रिय व्यापारमार्फत आर्थिक जोखिम घटाउन मद्दत पुग्ने ।

★ आर्थिक स्थिरता कायम गर्न सहयोग ।

★ नेपाली अर्थतन्त्रलाई अन्तरा्ष्ट्रिय आर्थिक प्रणालीसँग आबद्ध गराउने अवसर ।

★ अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको वातावरणले आर्थिक क्रियाकलापमा गतिशीलता

★ रोजगारीमा अभिवृद्धि र आर्थिक वृद्धिदरमा सहयोग ।

★ नेपाली उद्योगको क्षमता र उत्पादकत्वमा वृद्धि ।

★ लगानीमा सुनिश्चितता आदि ।

**WTO को सदस्यताबाट नेपालले सामना गर्नुपर्ने चुनौतीहरू**

★ अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धात्मक स्थितिको सामना गर्न नेपालको उद्योग वाणिज्य क्षेत्रमा दक्षता र उत्पादकत्वमा अभिवृद्धि गर्नु अति आवश्यक छ ।

★ देशभित्र विभिन्न सरकारी निकायहरूबीच एवम् निजी क्षेत्रसँग प्रभावकारी एवम् निरन्तर समन्वयको प्रयास अति जरुरी छ ।

★ कतिपय आर्थिक नीति तथा कानुनी प्रावधान, प्रक्रियागत प्रशासकीय व्यवस्था एवम् संस्थागत व्यवस्थाहरू विश्व व्यापार संगठनको प्रावधान अनुरूप प्रतिबद्धता जनाएको समयतालिका भित्र व्यवस्था गर्नुपर्ने भएको छ ।

★ स्वदेशी उद्योगहरूले विदेशी उद्योगको उत्पादनसँग प्रतिस्पर्धामा उत्रनु पर्ने भएको हुँदा गुणस्तर र मूल्यमा ध्यान नपुऱ्याएमा बजारबाट विस्थापित हुनसक्ने त्रास रहन्छ । तसर्थ अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धात्मक स्थितिको सामना गर्न नेपालको उद्योग-वाणिज्य क्षेत्रमा दक्षता र उत्पादकत्व अभिवृद्धि गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गराउनुपर्ने भएको छ ।

★ हाम्रो राजस्व प्रणाली भन्सारमा बढी आधारित छ । भन्सार महसुल क्रमशः कम गर्दै लानुपर्ने भएको कारणबाट पैठारीबाट प्राप्त राजस्व घट्न सक्ने सम्भावना रहन्छ ।

★ तुलनात्मक फाईदाका क्षेत्र पहिचान गर्ने कार्य त्यति सरल एवं सहज मानिदैन । तसर्थ यसमा कठिनाई

Question Bank Nepal

आउन सक्ने संभावना प्रशस्त देखिन्छ ।

★ बजार विस्तारको लागि आवश्यक वस्तु, प्रविधि तथा सेवाहरूको अनुसन्धान गर्ने कार्य पनि चनौतीपूर्ण नै देखिन्छ ।

**WTO को सदस्यताबाट पर्ने नकारात्मक असरलाई कम गर्नका लागि सुझावहरू**

★ निर्यात तथा प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नुपर्ने,

★ संरचनात्मक सुधार तथा मानवीय क्षमता विकास,

★ निरन्तर नीति निर्माणमा सुधार एंव पुनरावलोकन,

★ औद्योगीकरण, आर्थिक विकास तथा गरिबी निवारणमा जोड,

★ निजी क्षेत्रलाई सक्षम र सबल बनाउने,

★ सरकारी, निजी क्षेत्र र नागरिक समाजबीच समन्वय,

★ गुणात्मक तथा परिमाणात्मक निर्यातजन्य उत्पादनमा जोड,

★ WTO ले आयोजना गर्ने मंचमा सहभागी भइरहने र त्यहाँबाट प्राप्त नविन ज्ञान, सिद्धान्त, idea व्यवहारमा लागू गर्ने आदि ।

अन्त्यमा, विश्व व्यापार संगठनमा नेपाल प्रवेश गरि सकेको सन्दर्भमा WTO को स्थानीयकरण गर्न सकेमा मात्र WTO बाट प्राप्त हुने अवसरहरू उपयोग गर्दै र यसबाट उत्पन्न हुन सक्ने चुनौतीहरूलाई सहजताका साथ सामना गर्न सकिने कुरामा दुई मत हुन सकिदैन ।

**(९) विपद भन्नाले के बुझ्नुहुन्छ ? विपद् व्यवस्थापनको आवश्यकता एवम् महत्वमाथि प्रकाश पार्दै नेपालमा यस सम्बन्धमा भएका मौजुदा व्यवस्थाहरू उल्लेख गर्नुहोस् ।**

**विपद् तथा विपद् व्यवस्थापन**

*Disaster = Hazard + Vulnerability*

विपद् "Disaster" शब्द वास्तविक रूपमा फ्रेन्च शब्द Desastre बाट आएको हो, जुन दुईवटा शब्दको संयुक्त रूप हो, des को अर्थ bad वा खराब/हानिकारक र astre को अर्थ star वा तारा हुन्छ, जसको संयुक्त अर्थ हुन्छ हानिकारक तारा । यसबाट के बुझिन्छ भने विपद् हानिकारक तारा जस्तै हो, जसले मानवीय जीवन र सम्पत्तिमा क्षति पुऱ्याउँछ ।

मानवीय, भौतिक, प्राकृतिक वा अन्य विभिन्न कारणबाट आकस्मिक र अनियमित रूपमा घट्न जाने अति दुर्भाग्यपूर्ण घटना र त्यसले निम्त्याउने धन, जन लगायतका भौतिक संरचनाहरूको क्षतिलाई दैवी प्रकोप/विपद् **(Disaster)** भनिन्छ । दैवी प्रकोप/विपद् द्रुतरूपमा, एकै छिन्मा र विभेदरहितपूर्ण रूपमा आउँछ । यसको तीव्रता कुनै निश्चित समयसीमांभित्र समायोजन गर्न वा सहन सकिने वा सहनै नसकिने हुन सक्छ । भूकम्प, ज्वालामुखी विष्फोट, बाढी, पहिरो, चट्याङ, आगलागी, सुनामी जस्ता समुद्री आधीहरूलाई विपद्को उदाहरणको रूपमा लिन सकिन्छ ।

नेपालमा दैवी प्रकोप उद्धार ऐन २०३९ ले "दैवी प्रकोप" भन्नाले भूकम्प, आगलागी, आँधीबेरी, बाढी पहिरो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, महामारी तथा यस्तै अन्य प्राकृतिक प्रकोपलाई सम्झनुपर्छ र सो शब्दले औद्योगिक दुर्घटना विस्फोटक वा विषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै अन्य कुनै पनि प्रकारको प्रकोपलाई समेत जनाउने उल्लेख गरेको छ । विपद्/प्रकोपका निम्नलिखित विशेषता एवं विशिष्टताहरू रहन्छन् ।

★ सामान्य जीवनमा आउने व्यवधान, जुन व्यवधान गम्भीर, अचानक, एवं भौगोलिक विस्तारयुक्त हुन सक्छ ।

★ विभेदरहितपूर्ण रूपमा आउने एवं अचानक घट्ने अति दुर्भाग्यपूर्ण घटना जुन प्राकृतिक वा मानव कारणले उत्पन्न हुन सक्छ ।

★ जनधनमा हानि, मृत्यु, चोट, क्षति, कष्ट एवं स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने हुन्छ ।

★ अत्यावश्यक सेवा, उपयुक्त सञ्चार, आवागमन एवं अन्य सरकारी पूर्वाधार संरचनामा पुगेको क्षति ।

★ विपद्ले विभिन्न कारणबाट सामाजिक जीवनमा प्रतिकूल प्रभाव, पार्ने हुन्छ ।

★ विपद् सदा मानव सभ्यताहरूका साथ सहअस्तित्वमा हुन्छ (विकासले विनास निम्त्याउने) ।

★ प्रभावित जनसमुदायको वासस्थान, खाद्य पदार्थ, स्वास्थ्य सेवा र अन्य कुराको आवश्यकता पर्छ ।

★ विपद् व्यवस्थापन प्रतिकार्य र राहतभन्दा बढी हो, यसले बढी पूर्वजागरुक शैली अनुमान गर्दछ ।

**विपद् व्यवस्थापनको आवश्यकता एवं महत्व**

विपद् व्यवस्थापनले विपद् जोखिम, न्यूनीकरण, विपद् प्रतिकार्य वा विपद् पुनर्लाभ सन्दर्भमा योजना बनाउने, संगठन गर्ने, समन्वय गर्ने एवं कार्यान्वयन गर्ने समग्र क्रियाकलापलाई जनाउँछ । विपद् व्यवस्थापनको आवश्यकता एवं महत्वलाई देहायका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ –

Question Bank Nepal

★ सम्भावित विपद्लाई रोकथाम गर्न तथा विपद्बाट पर्न सक्ने नकारात्मक प्रभाव वा त्यसबाट उत्पन्न खतराको न्यूनीकरण गर्न ।

★ प्रकोपमा परेकाहरूलाई समय मै उद्दार र राहत पुऱ्याई विपद्बाट हुन सक्ने धनजनको क्षति कम गराउन ।

★ विपद्/प्रकोपप्रतिको सतर्कता र सचेतनामा अभिवृद्धि गर्दै विपद्सँग जुध्ने क्षमता विकास गराउन ।

★ विपद्को सामना गर्नका लागि पूर्व तयारी अवस्थामा राख्न पनि विपद् व्यवस्थापन आवश्यक पर्ने ।

★ विपद् पूर्व पूर्वाधारहरूको सुरक्षा र संरक्षणलाई व्यवस्थित गर्न तथा विपद् पश्चात पुनर्निर्माण एवं पुनःस्थापना गर्न गराउन ।

★ विश्वसनीय तथ्यांक मार्फत विपद् रोकथामका विधिहरू अपनाउन सहयोग पुऱ्याउन ।

★ विपद् व्यवस्थापन गर्ने कार्यलाई व्यवस्थित गर्ने सिलसिलामा नवीन आविस्कारहरूको जन्म हुन सक्ने ।

★ पूर्व चेतावनीको लागि र भविष्यमा आउन सक्ने विपद्को बारेमा पहिले नै सोचविचार गर्न विपद् व्यवस्थापनले सहयोग पुऱ्याउने ।

★ विपद् व्यवस्थापनबाट प्राकृतिक विपद्को दोहोरिइरहने स्रोतलाई निषेध गर्न सहयोग पुग्ने ।

★ विपद् व्यवस्थापन मार्फत दिगो विकासको अवधारणालाई सार्थकता प्रदान गर्न ।

★ विपद् व्यवस्थापनले राष्ट्रिय संकटको बेलामा जनताको सहयोग, सहकार्य र आपसी सद्भावनालाई मजबुत बनाउने ।

★ विपद् व्यवस्थापनबाट जनतालाई उपलब्ध हुने सेवा सुविधाहरूलाई निरन्तरता र सूचारू रूपले प्रवाह गर्न सहयोग पुग्ने ।

★ विपद् व्यवस्थापनले वातावरण संरक्षणमा टेवा पुऱ्याउने गर्दछ ।

★ विपद् व्यवस्थापनले सरकारको जनताप्रतिको दायित्वलाई उजागर गर्ने गर्दछ ।

### विपद् व्यवस्थापन सम्बन्धि संस्थागत र नीतिगत व्यवस्था

नेपालको विशिष्ट भौगोलिक बनोट, भौगर्भिक गतिशिलता, प्राकृतिक तथा जलवायु परिवर्तन एवम् मानवीय क्रियाकलापवाट सिर्जित विपद्का दृष्टिले नेपाल उच्च जोखिममा रहेको मुलुक हो । नेपालमा बाढी, पहिरो, आगलागी, खडेरी, हिमताल विष्फोटन, भूकम्प, रोगहरूको महामारी, शितलहर, चट्याङ्ग आदि जस्ता परम्परागत प्रकोपका अतिरिक्त बर्ड फ्लु, स्वाइन फ्लु जस्ता नयाँ प्रकृतिका महामारी, औद्योगिक दुर्घटना, विस्फोटन, विषालु पदार्थसँग सम्वन्धित विपद्का घटनाहरू समेत हुने गरेको पाईन्छ । त्यसैले नेपालमा विपद् व्यवस्थापनका लागि देहाय बमोजिमका नीतिगत तथा संस्थागत व्यवस्था गरिएको पाईन्छ –

| नीतिगत व्यवस्था | संस्थागत व्यवस्था |
|---|---|
| ▫ दैवीप्रकोप (उद्धार) ऐन, २०३९ | ▫ नेपाल सरकार, गृह मन्त्रालय |
| ▫ स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली | ▫ विभागहरू (जल उत्पन्न प्रकोप नियन्त्रण विभाग, खानी तथा भूगर्भ विभाग, सिचाईं विभाग, भू तथा जलाधार संरक्षण विभाग तथा जल तथा मौसम विज्ञान विभाग) |
| ▫ तेह्रौं योजना (२०७०/०७१–२०७२/०७३) | ▫ केन्द्रीय दैवीप्रकोप उद्धार समिति (गृहमन्त्री संयोजक) |
| ▫ सरकारको नीति तथा कार्यक्रम | ▫ क्षेत्रीय दैवीप्रकोप उद्धार समिति (क्षेत्रीय प्रशासक संयोजक) |
| ▫ राष्ट्रिय जलश्रोत नीति, २००२ | ▫ जिल्ला दैवी प्रकोप उद्धार समिति (प्रजिअ संयोजक) |
| ▫ राष्ट्रिय जलनीति २००५ | ▫ स्थानीय दैवीप्रकोप उद्धार समिति |
| ▫ जल उत्पन्न प्रकोप व्यवस्थापन नीति २००६ | ▫ राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र |
| ▫ विपद व्यवस्थापन रणनीति २००९ | ▫ क्षेत्रीय, जिल्ला र नगर तहमा क्रियाशील कार्य सञ्चालन केन्द्रहरू |

अन्त्यमा, नेपालमा सरकारी क्षेत्रबाट उपरोक्त अनुसारको विपद/प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न संस्थागत र नीतिगत व्यवस्था गर्दा गर्दै पनि विपद/प्रकोप व्यवस्थापन कार्य प्रभावकारी हुन नसकेको भनी सम्बन्धित क्षेत्र तथा पिडितहरूबाट गुनासो आउने गरेको पाईन्छ । त्यसैले विपद व्यवस्थापन प्रभावकारी गराउन तथा विपद्/प्रकोपको मात्रा र असर न्यूनीकरण गर्दै दैवी विपद्/प्रकोपबाट सृजना हुने समस्यालाई समाधान गर्न जनचेतनाका कार्यक्रम तर्जुमा गरी लागू गर्ने, प्रकोपसम्बन्धी पूर्व सूचना दिने संयन्त्रको निर्माण एवं विस्तार गर्ने, दिगो विकासको अवधारणालाई कडाईका साथ लागू गर्ने, जनसहभागितामा नै प्रकोप व्यवस्थापनमा जोड दिने जस्ता विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।

Question Bank Nepal

**(१०) वातावरण प्रदुषणबारे चर्चा गर्दै वातावरण प्रदुषणबाट उत्पन्न हुने समस्याहरू र ती समस्या समाधानका लागि अवलम्बन गरिनुपर्ने उपायहरू बुँदागत रुपमा लेख्नुहोस् ।**

**वातावरण प्रदुषणको परिचय**

पृथ्वीको वातावरणमा प्राकृतिक वा मानवीय कारणले गर्दा विभिन्न किसिमको भौतिक, रासायनिक र जैविक परिवर्तन आई वातावरणको गुणस्तरमा ह्रास आउने प्रक्रियालाई वातावरण प्रदुषण भनिन्छ । कलकारखाना, मोटर गाडी, सहरी क्षेत्र, आणविक भट्टि, अस्पताल र प्रयोगशाला, मलमूत्र, मानवीय क्रियाकलाप वातावरणीय प्रदुषणका मुख्य स्रोतहरू हुन् ।

वातावरण संरक्षण ऐन, २०५३ ले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलापलाई प्रदुषण भनी परिभाषित गरेको पाइन्छ । त्यस्तै गरी "फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ (ज) अनुसार"प्रदूषण" भन्नाले फोहरमैलाबाट निस्कने ठोस, तरल वा ग्याँस वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनुपर्छ ।

अन्त्यमा, प्रकृतिमा रहेका प्राकृतिक वस्तुहरूको अस्तित्व एवं सन्तुलनमा आएको गडवडीले यहाँ रहेका कुनै वस्तुहरूको अस्तित्व नै लोप हुने, कुनै लोप हुने अवस्थामा रहने अनि कुनै भविष्यमा लोप हुने सम्भावना सृजना हुने अवस्थालाई वातावरण प्रदुषण भनिन्छ । वातावरण प्रदुषणको सोभो सम्वन्ध वातावरण असन्तुलनसँग रहन्छ । जनजीवन तथा वातावरणमा हुने प्रतिकूल प्रभाव प्रदुषण हो, भने प्रदुषण गर्ने ठोस, तरल र ग्याँसका रुपमा रहेका वस्तुहरू प्रदुषक हुन् ।

**वातावरण प्रदुषणवाट उत्पन्न हुने समस्याहरू**

वातावरणीय प्रदुषणबाट यस पृथ्वीमा विभिन्न विकराल समस्याहरू उत्पन्न हुने संभावना रहन्छ । ती समस्याहरूले मानव जीवनलाई नै जोखिममा पार्ने अवस्था सृजना हुन जान्छ । वातावरण प्रदुषणवाट उत्पन्न हुने प्रमुख समस्याहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ –

| वातावरण प्रदुषणवाट उत्पन्न हुने प्रमुख समस्याहरू | |
|---|---|
| अम्लीय वर्षा (Acid Rain) | हरित गृह प्रभाव (Green House Effect) |
| भू-क्षय (Soil erosion) | विश्वव्यापी उष्णता एवं आणविक हिउँद |
| मरुभूमिकरण (Desertification) | जैविक विविधतामा ह्रास (Loss of biodiversity) |
| सरुवा रोगहरूको महामारी | ओजोन तहको विनास (Ozone Layer) |
| वाढी पहिरो तथा आँधीबेहरी | कृषि तथा पशुजन्य उत्पादनमा ह्रास |
| वन्यजन्तु तथा वनजंगलको विनास | अति वृष्टि/अना वृष्टि/ अनियमित वृष्टि |
| वायुमण्डलीय धुमिलता | अन्तत : जलवायु नै परिर्वतन |

**वातावरण प्रदुषण समस्या समाधानका उपायहरू**

वातावरण प्रदुषणवाट उत्पन्न हुने विभिन्न समस्याहरूलाई समाधान गरी वातावरण संरक्षण गर्दै समष्टिगत विकासका लक्ष्यहरू हासिल गर्नका लागि देहाय बमोजिम समस्या समाधानका उपायहरू अवलम्बन गर्न सकिने देखिन्छ –

★ वातावरण संरक्षणसँग सम्बन्धित विद्यमान कानूनहरू, वातावरणीय नीति नियम अद्यावधिक संयन्त्रको सवलीकरण र संस्थागत क्षमता विकास गर्दै आवश्यक अन्य कानूनहरूको तर्जुमा गरी लागु गर्नुपर्ने ।

★ वातावरण प्रदुषणको प्रमुख कारणको रुपमा रहेको अनियन्त्रित रुपमा बढ्दो जनसंख्या वृद्धिलाई नियन्त्रण एवं व्यवस्थापन गर्न जोड दिनुपर्ने ।

★ स्थानीय अनुकूलन कार्ययोजनामार्फत राष्ट्रिय अनुकूलन कार्ययोजनालाई स्थानीय तहमा कार्यान्वियन गरी जनसाधारणको गरिबी निवारणमा योगदान पुऱ्याउनु पर्ने ।

★ वातावरण संरक्षण सम्वन्धि क्रियाकलापमा दातृ निकाय, गैरसरकारी संस्था, स्थानीय निकाय, सामुदायिक संस्था एवम् अन्य निकायहरूबीच समन्वय र साझेदारी कायम गर्नुपर्ने ।

★ मुलुकमा विद्यमान रहेको प्राकृतिक स्रोत-साधनको समुचित उपयोग गर्दै जैविक विविधताको संरक्षणमा जोड दिनुपर्ने ।

★ वायु प्रदूषण, जल प्रदूषण, भू-प्रदूषण, ध्वनि-प्रदूषण जस्ता वातावरणीय पक्षका थप मापदण्ड तर्जुमा एवम् परिमार्जन गरी कार्यान्वयन गर्नुपर्ने ।

Question Bank Nepal

★ औद्योगिकीकरण तथा शहरीकरण गर्दा वातावरणीय प्रभावलाई ध्यान दिँदै वातावरणमैत्री योजना तयार गरी भौतिक पूर्वाधार विकासमा जोड दिइनु पर्ने ।

★ वातावरणमैत्री योजना खाका अनुरुप योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तर्निकाय समन्वयलाई सुदृढ गर्नुपर्ने ।

★ "प्रदूषकले तिर्नुपर्छ" र "प्रदूषण हटाउँदा पनि फाइदा हुन्छ" भन्ने सिद्धान्त लागु गर्न आवश्यक संयन्त्रको विकास एवम् कार्यान्वयन गर्दै वातावरणमैत्री इन्धन प्रयोग तथा कम प्रदूषण गर्ने यातायातका साधनहरूको प्रयोग बढाउन प्रोत्साहित गर्नुपर्ने ।

★ वैकल्पिक उर्जाको विकास र प्रयोगमा जोड दिँदै जानुपर्ने ।

★ शहरी क्षेत्रको प्रदूषणलाई निश्चित सीमाभित्र ल्याउने र ग्रामीण क्षेत्रको सुन्दरतालाई बचाई राख्ने विभिन्न खालका प्रदूषण न्यूनीकरणका विशेष कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्ने ।

★ प्राकृतिक स्रोतबाट प्राप्त आयको निश्चित प्रतिशत रकम प्राकृतिक स्रोत र साधनको संरक्षण तथा वातावरणीय अनुसन्धान र विकासमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्ने ।

★ कीटनाशक औषधी र रसायनको प्रयोग कम गर्दै जानु पर्ने ।

★ क्लोरोफ्लोरो कार्बन, मिथेन जस्ता ग्याँसहरूको उत्पादनमा रोक लगाउनु पर्ने ।

★ जनस्तरमा वातावरणीय शिक्षाको प्रचारप्रसार तथा वातावरणीय चेतना र सावधानी जगाउने कार्यक्रमको सञ्चालन गरी जनचेतना वृद्धि गर्नुपर्ने आदि ।

अन्त्यमा पृथ्वीमा रहेका सम्पूर्ण जैविक तथा अजैविक वस्तुहरूको सन्तुलन बिग्रन गई मानिस लगायत अन्य जीवात्माहरूलाई बस्न तथा बाँच्न अप्ठ्यारो हुने अवस्थालाई वातावरण प्रदुषण भनिन्छ । यसलाई वायु प्रदुषण, जल प्रदुषण, दृश्य प्रदुषण, ध्वनि प्रदुषण लगायत विभिन्न प्रकारका वर्गीकरण गर्ने गरिन्छ । वातावरण प्रदुषणले मानव स्वास्थ्यमा सामान्यदेखि लिएर कहालीलाग्दा समस्याहरू समेत उत्पन्न गर्ने गर्दछ । त्यसैले वातावरणलाई कुनै प्रकारको प्रदुषण हुनबाट रोक्न आवश्यक उपायहरू अपनाउनु आजको आवश्यकता भई सकेको छ ।

Question Bank Nepal

# अभ्यास प्रश्न सेट ६ समाधान सहित

## अभ्यास प्रश्न

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

(१) सामाजिक विवाद तथा द्वन्द्वको विकासको चरणबारे चर्चा गर्दै विवाद र द्वन्द व्यवस्थापनका तरिकाहरू के के हुन सक्दछन् ? लेख्नुहोस् ।

(२) सामाजिक संरक्षण/बचाउ भन्नाले के बुझिन्छ ? यसको आवश्यकता पर्ने वर्ग एवं समूदायलाई कसरी समाजिक संरक्षण/बचाउको ग्यारेन्टी गर्न सकिन्छ ? उल्लेख गर्दै नेपालमा सामाजिक संरक्षण/बचाउको अवस्थाबारे संक्षिप्त चर्चा गर्नुहोस् ।

(३) शरणार्थी भन्नाले कस्ता व्यक्तिलाई बुझिन्छ ? स्पष्ट पार्दै नेपालको सन्दर्भमा शरणार्थीको अवस्था तथा शरणार्थीका कारण नेपालले भोग्नुपरेको समस्याहरू उल्लेख गर्नुहोस् ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

(४) वैदेशिक सहायता भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा वैदेशिक सहायताको आवश्यकता उल्लेख गर्दै वैदेशिक सहायतालाई प्रभावकारी बनाउन अपनाउनुपर्ने उपायहरूबारे सुझाव दिनुहोस् ।

(५) आर्थिक विकासका सूचकहरू के के हुन् ? उल्लेख गर्दै आर्थिक वृद्धिलाई आर्थिक विकासमा रुपान्तरण गर्ने उपायहरू औल्याउनुहोस् ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

(६) नेपालमा विकासका साझेदारहरूसँगको सहकार्यमा देखिएका समस्याहरू एवम् सो समस्या समाधानका लागि आफ्ना विचारहरू व्यक्त गर्नुहोस् ।

(७) द्वन्द्व संवेदनशील विकास भन्नाले के बुझ्नुहुन्छ ? सशस्त्र द्वन्द्वका कारणहरू उल्लेख गर्दै द्वन्द्व संवेदनशील विकास कस्तो हुनुपर्दछ ? बुँदागत रुपमा स्पष्ट पार्नुहोस् ।

(८) स्थानीय स्वायत्त शासनको आवश्यकता र महत्वमाथि प्रकाश पार्दै स्थानीय निकायहरूलाई स्वायत्तता प्रदान गरी विकेन्द्रीकरण गर्नुपर्ने कारणहरू उल्लेख गर्नुहोस् ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

(९) नेपालमा कति किसिमका वन/वनस्पति पाइन्छन् ? उल्लेख गर्दै जैविक विविधताको संरक्षण कसरी गर्न सकिन्छ ? प्रकाश पार्नुहोस् ।


(१०) उर्जा संरक्षण बारे चर्चा गर्नुहोस् साथै नेपालमा उर्जा संरक्षणा देखिएका चुनौतीहरू स्पष्ट पार्दै उर्जा संरक्षणका उपायहरू के के हुन सक्दछन् ? उल्लेख गर्नुहोस् ।

## समाधान

**(१) सामाजिक विवाद तथा द्वन्द्वको विकासक चरणबारे चर्चा गर्दै विवाद र द्वन्द व्यवस्थापनका तरिकाहरू के के हुन सक्दछन् ? लेख्नुहोस् ।**

**सामाजिक विवाद तथा द्वन्दको विकासका चरण**

सामाजिक विवाद तथा द्वन्द्वको विकास सामान्य विवादबाट शुरुभई पुनर्निर्माणमा गई रोकिन्छ भन्न सकिन्छ । तथापि द्वन्द्वको पृष्ठभूमी द्वन्द्व भएको क्षेत्र तथा परिस्थिति, द्वन्द्व व्यवस्थापनमा भएका बहुपक्षीय प्रयासबाट द्वन्द्व विकासको चरण प्रभावित भएको हुन्छ । समग्रमा अन्य द्वन्द्व जस्तै सामाजिक विवाद तथा द्वन्द्वको विकासका चरणलाई देहाय बमोजिमका चरणमा उल्लेख गर्न सकिन्छ :–




माथि चार्टमा देखाएझै सामान्यतः समाजमा उत्पन्न हुने विवाद नै सामाजिक विवाद तथा द्वन्द्वको शुरुको अवस्था हो । द्वन्द्वले विकास र विनास दुवै नित्याउन सक्ने हुनाले सामाजिक द्वन्द्वलाई विवादको अवस्थामा


Question Bank Nepal

बुद्धिमतापूर्ण तरिकाले उचित व्यवस्थापन गर्न नसकिएमा विवादले क्रमशः समाजमा हिंसात्मक रुप लिन सक्दछ । समाजमा हुने यस किसिमको अवस्थालाई सामाजिक विवाद तथा द्वन्द्वको द्वितीय चरणको रुपमा लिन सकिन्छ । सामाजिक विवाद वा सही रुपमा व्यवस्थापन गर्न नसकिएमा यो सशस्त्र युद्धतर्फ उन्मुख हुन जान्छ ।

द्वन्द्वको विकसित एवं ध्वंसात्मक रुप समाजमा सशस्त्र युद्धले ठाउँ पाउनु हो । कहि लामो त कहीँ छोटो अवधिसम्म समाजमा सशस्त्र युद्ध भई यस अवस्थामा युद्धरत पक्षहरूबीच जीतहारको अवस्था वा जीत जीतका लागि सम्झौताको अवस्था वा चरणमा सामाजिक विवाद तथा द्वन्द्व पुग्दछ । द्वन्द्वको विकसित रुपले ल्याएको सम्झौता वा समर्पणको अवस्थाबाट क्रमशः समाजका द्वन्द्वरत पक्षहरू समाजको पुनर्निर्माणको चरण पछि सामाजिक विवाद तथा द्वन्द्व अन्तभई समाजमा विकास, सम्वृद्धि, स्वामित्व तर्फ अग्रसर हुँदै शान्तिपूर्ण समाजको निर्माण हुने कुरामा विश्वास गर्ने गरिन्छ ।

### विवाद र द्वन्द्व व्यवस्थापनका तरिकाहरू

समाजमा विवाद र द्वन्द्व सिर्जना भइसकेपछि त्यसबाट समाजमा विभिन्न सकारात्मक र नकारात्मक असरहरू पर्न थाल्दछन् । यदि नकारात्मक असरहरू देखा परेको खण्डमा ती नकारात्मक असर एवम् चुनौतीहरूलाई सकारात्मक असर एवम् अवसरहरूमा परिणत गर्न विवाद र द्वन्द्व व्यवस्थापनको आवश्यकता पर्दछ । विवाद र द्वन्द्व व्यवस्थापनका लागि मूलतः प्रवर्द्धनात्मक र उपचारात्मक गरी दुई तरिकाहरू प्रचलनमा रहेको पाइन्छ ।




#### (क) प्रवर्द्धनात्मक तरिकाहरू (Promative Methods)

विवाद र द्वन्द्व व्यवस्थापनका तरिकाहरुमध्ये प्रवर्द्धनात्मक तरिका एक महत्वपूर्ण तरिका हो । यसले सामाजिक विवाद र द्वन्द्वलाई कि त सिर्जना हुन नै नदिने, यदि सिर्जना भई हालेमा पनि त्यसलाई तत्कालै उपलब्धि सहित समाधान गर्ने कुरामा जोड दिन्छ । यस विधि अन्तर्गत सामाजिक चेतनाको अभिवृद्धि, सामाजिक अन्तरक्रिया/संवाद, सामाजिक धारणा सर्वेक्षण, पारदर्शी कार्य संस्कृतिको विकास, सामाजिक वकालत जस्ता विभिन्न उपायहरू अवलम्बन गर्न सकिन्छ । यसका लागि सामाजिक अगुवाईहरू, राजनीतिक नेतृत्व, धार्मिक एवम् जातीय समुदायको नेतृत्व लगायतका सामाजिक रुपान्तरणका अभियन्ताहरूको महत्वपूर्ण भूमिका रहन्छ ।

#### (ख) उपचारात्मक तरिकाहरू (Curative Methods)

सामाजिक अन्तर्क्रियाको क्रममा सामान्य विवाद र द्वन्द्व हुनु स्वाभाविक एवम् सकारात्मक नै मानिन्छ । तर सामाजिक विवाद र द्वन्द्व बढ्दै जाने र त्यसबाट नकारात्मक अवस्था सिर्जना हुने अवस्थामा उपरात्मक तरिकाहरू अवलम्वन गरी विवाद र द्वन्द्व व्यवस्थापन गर्ने गरिन्छ । द्वन्द्व सिर्जना भई नकारात्मक असर पार्न थालेमा मात्र द्वन्द्व व्यवस्थापनका उपचारात्मक तरिकाहरूको सहयोग लिने गरिन्छ । यस अन्तर्गत विवाद/द्वन्द्वको अवस्था आँकलन गर्ने, द्वन्द्वको लेखाजोखा गर्ने, सञ्चार गर्ने विवाद/द्वन्द्वलाई सम्बोधन गर्ने, त्यसबाट पनि द्वन्द्व व्यवस्थापन नभएमा आवश्यकता अनुसार हस्तक्षेप गर्ने उपायहरू अवलम्बन गर्न सकिन्छ । त्यस्तै गरी द्वन्द्व व्यवस्थापन पश्चात यसलाई दिगो समय दिन गरिने व्यवस्थापन पश्चातका गतिविधिहरूको अनुगमन तथा मूल्यांकन गर्दै आवश्यक पृष्ठपोषण प्रदान गर्ने कार्य पनि 'Curative Method' अन्तर्गत पर्दछ ।

**(२) सामाजिक संरक्षण/बचाउ भन्नाले के बुझिन्छ ? यसको आवश्यकता पर्ने वर्ग एवं समूदायलाई कसरी समाजिक संरक्षण/बचाउको ग्यारेन्टी गर्न सकिन्छ ? उल्लेख गर्दै नेपालमा सामाजिक संरक्षण/बचाउको अवस्थाबारे संक्षिप्त चर्चा गर्नुहोस् ।**

### सामाजिक संरक्षण/बचाउ (Social Protection)

सामान्यतया समाजमा आर्थिक, सामाजिक र शारीरिक रुपले कमजोर एवम् गरिबी तथा विपन्नताले जोखिमपूर्ण अवस्थामा रहेका मानिसहरूलाई उनीहरूको अवस्था अझ कमजोर हुन नदिन एवम् आधारभूत मानवीय आवश्यकता पूरा गर्न सक्षम बनाउन गरिने संरक्षणलाई सामाजिक संरक्षण वा बचाउ (Social protection) भनिन्छ ।

Question Bank Nepal

सामाजिक संरक्षण वा बचाउका प्रमुख प्रकारका रुपमा Labor market interventions, Social Insurance & Social Assistance लाई लिने गरिन्छ । सामाजिक संरक्षणलाई व्यक्ति एवम् घरपरिवारलाई जोखिम एवम् संकटसँग जुध्न मद्दत गर्नुका साथै यसबाट मानिसहरूलाई बचाउने/जोगाउने कार्य गरी मानवीय जीवनचक्रमा न्युनतम जीवन निर्वाह एवम् कल्याणको सुनिश्चतता प्रदान गर्ने क्रियाकलापलाई बुझिन्छ । यसलाई विभिन्न अन्तर्राष्ट्रिय संगठनहरूले आफ्नो कार्य क्षेत्र अनुरुप विभिन्न दृष्टिकोणबाट हेर्ने गरेको पाईन्छ । उदारहणको रुपमा UNICEF ले बालबालिकाहरूको संवेदनशिलताको दृष्टिले हेर्दछ, भने ILO ले श्रमिकहरूको संवेदनशिलताको दृष्टिले हेर्ने गर्दछ ।

एक अर्थमा सामाजिक सुरक्षालाई नै सामाजिक संरक्षणको रुपमा लिने गरिन्छ । जस्तो की हाम्रा आवधिक योजनाहरूले समेत सामाजिक संरक्षण र सामाजिक सुरक्षालाई समान अर्थमा प्रयोग गरेको पाइन्छ । सामाजिक सुरक्षा र संरक्षणलाई समान अर्थमा लिने गरेको पाइएता पनि यी दुई बीच सुक्ष्मतम भिन्नता रहेको छ ।

सरकारले आफ्ना नागरिकको भलाईका लागि सचालन गर्ने विविध सामाजिक, आर्थिक क्रियाकलापहरू जसका माध्यमबाट मानिसले आफ्नो जीवनमा आइपर्ने समस्याहरूको समाधान गर्न र जोखिमहरूको सामना गर्न स्वच्छ र आफू सामाजिक रुपले संरक्षित भएको अनुभव गर्दछ त्यसलाई सामाजिक संरक्षण बचाउ भनिन्छ भने सामाजिक सुरक्षा समग्र सामाजिक संरक्षणको एक हिस्सा मात्र हो । जसले नागरिकहरूलाई राज्यद्वारा प्रदान गरिने स्वास्थ्य शिक्षा, जोखिमयुक्त एवम् अशक्त अवस्थामा प्रदान गरिने विभिन्न सेवासुविधालाई जनाउँदछ । अतः समग्रमा भन्दा मानिसको खुशी एवम् सुखमा प्रतिकुल असर पर्ने अवस्थाबाट समाजका प्रत्येक सदस्यलाई जोगाउँदै मानव पूँजीको संरक्षण र विकास गर्नु नै सामाजिक संरक्षण वा बचाउ हो ।

**सामाजिक संरक्षण आवश्यक पर्ने वर्ग एवं समूदायहरू**

सामाजिक संरक्षणले समाजमा रहेका सामाजिक, आर्थिक र शारीरिक मध्ये कुनै न कुनै रुपले कमजोर व्यक्तिलाई संरक्षित गर्ने कार्य गर्दछ । मोटामोटि रुपमा देहायका वर्ग एवं समूदायहरूलाई सामाजिक संरक्षणको आवश्यकता पर्ने देखिन्छ :–

**सामाजिक संरक्षण आवश्यक पर्ने वर्ग एवं समूदायहरू**

| वर्ग एवं समूदायहरू | सामाजिक संरक्षण/बचाउका माध्यामहरू |
|---|---|
| (क) वालवालिकाहरू (Childs) | पौष्टिक आहार, शिक्षा तथा स्वास्थ्यको राम्रो प्रबन्ध गरेर । |
| (ख) दिनदुःखी/ गरिबहरू (Poors) | निःशुल्क स्वास्थ्य, शिक्षाको व्यवस्था, खाद्य अनुदान, सशक्तिकरण तथा रोजगारीको व्यवस्था गरेर । |
| (ग) बेरोजगार (Unemployed) | निजहरूको ज्ञान, सीप एवं क्षमता समेतलाई विचार गरी रोजगारी सिर्जना गरेर तथा बेरोजगार भत्ताको माध्यमबाट स्वरोजगार बन्नका लागि सहयोग गरेर । |
| (घ) अपाङ्ग व्यक्तिहरू (Disables) | उनीहरूले गर्न सक्ने खालका Favourable Job तथा अपांग भत्ताको व्यवस्था गरेर । |
| (ङ) ज्येष्ठ नागरिक (Senior citizens) | जेष्ठ नागरिक भत्ता, स्वास्थ्य वीमा तथा पेन्सनको व्यवस्था गरेर । |
| (च) असहायहरू (Helpess) | आवश्यकता र उमेर अनुसार असहायहरूलाई गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य, तालिम आदिको व्यवस्था गरेर । |
| (छ) विपदमा परेकाहरू (Peoples at vulnerable Position) | उद्दारका लागि खाद्यान्न, कपडा र प्राथमिक स्वास्थ्य उपचार आदिको आवश्यकता प्रवन्ध गरेर । |
| (ज) श्रमिकहरू (Labours) | अनुचित श्रम शोषण हुन नदिन कामको सुनिश्चितता तथा जोखिमको अवस्थामा विशेष संरक्षणको व्यवस्था गरेर । |
| (झ) विस्थापितहरू (Displaced) | अस्थायी बसोबास, खाद्यान्न, शिक्षा, स्वास्थ्यको प्रबन्ध र भत्ताको व्यवस्था गर्दै स्थायी रुपमा पुर्नस्थापित गराएर । |
| (ञ) एकल महिला एवं द्वन्द पिडितहरू | एकल महिलालाई स्वरोजगार बन्नका लागि तालिम, जीवन निर्वाह भत्ता आदिको व्यवस्था गरेर तथा द्वन्द पिडितहरूलाई जीवन निर्वाहका लागि आर्थिक सहयोग, शान्ति तथा मेलमिलापका कार्यक्रम संचालन जस्ता माध्यमहरू प्रयोग गरेर । |



Question Bank Nepal

**नेपालमा सामाजिक संरक्षण/बचाउको वर्तमान अवस्था**

- ★ नेपालमा सामाजिक संरक्षण र सामाजिक सुरक्षा लाई एकै अर्थमा लिई बार्षिक बजेट र आवधिक योजनाहरूमा पनि सामाजिक सुरक्षाका लागि विविध व्यवस्था गरिएको ।
- ★ नेपालको संविधान, २०७२ को धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति अन्तर्गत सामाजिक संरक्षण/बचाउ सम्बन्धी विभिन्न नीतिहरु उल्लेख गरेको पाइन्छ ।
- ★ जेष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्तिका लागि सामाजिक सुरक्षा भत्ताको व्यवस्था रहेको साथै स्वास्थ्य एवम् यातायतका क्षेत्रमा पनि जेष्ठ नागरिक, एकल महिला, अपांगता भएका हरुका लागि विशेष सुविधाहरूको घोषणा गरिएका ।
- ★ राउटे लगायतका जोखिममा परेका जाती/समुदाय तथा कर्णाली क्षेत्रका वासिन्दाका लागि विभिन्न सहायता कार्यक्रम सञ्चालित हुँदै आएका ।
- ★ प्राकृतिक प्रकोपको अवस्थामा उद्धार, राहत, अस्थायी बसोबास र पुनस्थापना गराउने जस्ता कार्यक्रमहरू पनि संचालन हुँदै आएका ।
- ★ द्वन्द्वपिडित बालबालिका एवम् परिवारका लागि सहायता एवम् सहिद परिवार निर्वाह भत्ता वितरणका कार्यक्रम सचालित ।
- ★ Social Vulnerability मा परेका महिला, बालबालिकाहरूका लागि Safe house को अवधारणा अघि सारिएको ।
- ★ दुर्गम जिल्लाहरूमा खाद्यान्न वितरण तथा ढुवानीमा अनुदान एवम् विद्यालयमा दिउसोको खाजा एवम् तेलको वितरणका साथसाथै अनुदानमा आयोडिनयुक्त नुनको वितरण गर्ने गरिएको ।
- ★ द्वन्द्व प्रभावित र विस्थापित मानिसहरूका लागि विगतमा राहत, भत्ता, क्षतिंपूर्तिको व्यवस्था गरिएकोमा हाल पुनस्थापना (Rehabilitation) का कार्यक्रमहरू सञ्चालन भएका ।
- ★ जोखिममा परेका समुदाय, ७५ वर्ष माथि र १५ वर्ष मुनिका बिरामीहरूको निःशुल्क डायालोलिस र क्यान्सरको उपचारको व्यवस्था गरिएको ।
- ★ कामदार एवम् कर्मचारीको जीवन बिमा एवम् दुर्घटना बिमा गर्ने व्यवस्था ।
- ★ बेरोजगार युवालाई स्वरोजगार बनाउनमा युवा स्वरोजगार कार्यक्रम सचालित गरिएको आदि ।

सारांशमा भन्दा नेपालमा सामाजिक संरक्षण एवम् बचाउका लागि केही समय यता विभिन्न प्रयासहरु गरिएका भएतापनि सामाजिक संरक्षण वा बचाउको अवस्था प्रभावकारी भने देखिँदैन । बेरोजगारी बढेको बढ्यै छ तर बेरोजगार भत्ताको व्यवस्था छैन त्यसैले सामाजिक संरक्षणका लागि प्रभावकारी उपाय अपनाई मानिसको सशक्तिकरण गर्नु आजको हाम्रो आवश्यकता हो ।

**(३) शरणार्थी भन्नाले कस्ता व्यक्तिलाई बुझिन्छ ? स्पष्ट पार्दै नेपालको सन्दर्भमा शरणार्थीको अवस्था तथा शरणार्थीका कारण नेपालले भोग्नुपरेको समस्याहरू उल्लेख गर्नुहोस् ।**

**शरणार्थी (Refugee)**

सरल शब्दमा भन्दा आन्तरिक द्वन्द्व, राजनीतिक, धार्मिक तथा सामाजिक लगायतका कारणले एक देशबाट अर्को देशको शरणमा गएको व्यक्ति वा समूहलाई शरणार्थी (Refugee) भनिन्छ । अर्थात् युद्ध, गृहयुद्ध, सैनिक हस्तक्षेप, दैवी प्रकोप आदि विभिन्न कारणले गर्दा आफ्नो नागरिकताको राष्ट्रमा (वा स्थायी बसोबासको राष्ट्रमा) बस्न नसक्ने वा नचाहने अवस्थामा पुगी आफ्नो नागरिकताको वा स्थायी बसोबासको राष्ट्रभन्दा भिन्न राष्ट्रमा आश्रय खोज्ने र पाउने व्यक्तिहरूलाई शरणार्थी भन्दछन् ।

देशहरूबीच आपसी युद्धको कारणले सुरक्षा खतरामा पर्ने वा आर्थिक सामाजिक जोखिमका कारणले देश छाडी विदेशमा शरण लिने मानिसहरू नै शरणार्थी हुन् । शरणार्थी शब्दको औपचारिक परिभाषा शरणार्थीहरुको वैधानिक स्थिति विषयक सन् १९५१ को जेनेभा सन्धी (Jeneve Convention Relating to the status of Rafuge - 1951 मा र उपयुक्त जेनेभा सन्धिसँग सम्बन्धित सन् १९६७ को उपलेख (The 1967 Protocal relating to the 1951 convenation on the status of refugaes मा गरिएको पाइन्छ ।

पहिलो दस्तावेजले द्वितीय विश्व युद्धको समयका शरणार्थीहरूलाई मात्र शरणार्थी मनेको छ भने दोस्रो दस्तावेजले सबै समयका शरणार्थीहरूलाई शरणार्थी मानेर सहि तरिकाबाट परिभाषित गरेको छ ।

शरणार्थीहरूको सहयोगका लागि संयुक्त राष्ट्र संघीय शरणार्थी आयोग United Nations high commission for Refugers -UNHCR को स्थापना भई यसले शरणार्थी समस्यालाई सम्बोधन गर्ने क्रममा शरणार्थीहरुको बसोबासको व्यवस्था मिलाउने तथा उनीहरूको सुरक्षाको



Question Bank Nepal

काम गर्नुका साथै शरणार्थीहरूलाई शरण दिने देशमै वा अन्य तेस्रो मुलुकमा बसोबास व्यवस्था मिलाउने काममा सहजीकरण गर्दछ ।

समग्रमा भन्दा आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक अन्तर कलह द्वन्द्व वा विश्रृखलका कारण आफ्नो देशमा रहन असुरक्षित महसुस गरी अन्य देशमा शरणलिन वा आश्रय पाउनका लागि जाने व्यक्ति वा व्यक्तिहरूको समूहलाई नै शरणार्थी भन्ने बुझिन्छ ।

**नेपालमा शरणार्थीहरू**

नेपालमा खासगरी भुटान र तिब्बतबाट शरणार्थीहरू आई बसेको पाइन्छ भने नेपालबाट अन्य देशमा शरणार्थीको रुपमा गएका नेपालीहरूको यथार्थ तथ्याङ्क उपलब्ध छैन । खासगरी सशस्त्र द्वन्द्वका क्रममा आन्तरिक रुपमा विस्थापित हुने मानिसहरू थुप्रै छन् तर शरणार्थीको रुपमा कति मानिस कुन देशमा गएका छन् भन्ने विवरण भने उपलब्ध छैन । UNHCR द्वारा आधिकारीक रुपमा रेकर्ड गरेको शरणार्थीहरूको कूल सङ्ख्या अनुसार नेपालमा भुटानी र तिब्बती शरणार्थी १, २०३७० जना रहेका छन् ।

**नेपालमा शरणार्थीको सङ्ख्यात्मक अवस्था**

| शरणार्थीको किसिम | २०६७ | २०६८ | २०६९ |
|---|---|---|---|
| **भुटानी शरणार्थी**<br>पुरुष | ४०९८७ | ३४१६८ | २२२५२ |
| महिला | ३९५२६ | ३२८१९ | २१२०५ |
| जम्मा | ८०५१३ | ६६९८७ | ४३४५७ |
| **तिब्बती शरणार्थी**<br>जम्मा | १२५४० | १२५४० | १२५४० |

*स्रोत : नेपालको तथ्याङ्कीय झलक, २०६९ केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं*

**भुटानी शरणार्थी** – सन् १९९० मा भुटानमा भएको आन्दोलन पछि नेपाली भाषी नेपाली मुलुकका मानिसहरू माथि भुटान सरकारले दमन गरी नागरिकता र राजनीतिक अधिकार खोसिने गरी भुटान सरकारद्वारा ल्याएको कानूनको कार्यन्वयनको फलस्वरुप भुटान छोड्न बाध्य भएर नेपालको झापा र मोरङ जिल्लामा शरणार्थीका रुपमा प्रवेश गरे । त्यसपछि UNHCR को सहयोगमा नेपालको पूर्वी भागमा विभिन्न ७ स्थानमा क्याम्प खडा गरी लगभग १ लाख ६ हजार जना भुटानी शरणार्थी राखियो ।

भुटानी शरणार्थीलाई स्वदेश फर्काउने प्रयास असफल भएपछि UNHCR को पहलमा तेस्रो राष्ट्र पुनर्वासको नीति लिइयो । सो नीति अनुरुप सर्न् २०१० देखि २०१२ को अधिनमा करीब ७० हजार भुटानी शरणार्थीलाई अमेरिका, क्यानडा, अष्ट्रेलिया लगायतका राष्ट्हरूमा पुनर्वास (Third Country Resettlement) गरिसकेको छ । तेस्रो राष्ट्र पुनर्वास हुन बाँकी भुटानी शरणार्थीहरू हाल बेलडाँगी, गोलदाप, खुदुनावारी, शनिश्चरे समेत गरी पाँच स्थानमा बसोबास गरिरहेका छन् ।

**तिब्बती शरणार्थी** – सन् १९५९- ६१ को समय देखि नै स्वतन्त्र तिब्बतको माग गरिरहेका धार्मिक नेता दलाई लामाका समर्थक अनुयायीहरू हजारौंको सङ्ख्यामा नेपाल प्रवेश गरेका थिए । हाल नेपालको बाटो प्रयोग गरी तिब्बतीहरू भारत तर्फ पनि शरण लिन जाने गरेका छन् । तिब्बती शरणर्थीहरूको व्यवस्थापन अन्तर्राष्ट्रिय रेडक्रस, स्वीस सरकार, (स्वीजरल्यान्ड), अष्ट्रेलिया आदिको सहयोगमा नेपालका विभिन्न १२ वटा स्थानहरूमा गरिएको छ । सन् १९८९ भन्दा अघि भएका तिब्बती शरणार्थीहरूको परिचयपत्र छ तर त्यसपछि प्रवेश गर्नेहरूको हकमा भने कुनै कानूनी प्रमाण छैन ।

नेपालमा भुटानी र तिब्बती बाहेकका हजारौं शरणार्थीहरू रहेको अनुमान छ । नेपालले UN convention relating to the status of refugee 1951 मा हस्ताक्षर नगरेको तथा तथ्याङ्क व्यस्थित हुन नसकेको हुँदा सही तथ्याङ्क चाहिँ उपलब्ध हुन सकेको छैन । त्यस्तै गरी नेपालीहरू समेत नेपालमा राजनैतिक कारण र असुरक्षाको अवस्था देखाई विदेशमा शरण लिन जाने र शरणार्थीको रुपमा बस्ने आवेदन गर्ने गरेको देखिन्छ । २००९ को तथ्याङ्कका आधारमा विभिन्न देशमा २९१३ नेपालीले शरणका लागि आवेदन दिएको देखिन्छ ।

**शरणार्थीका कारण नेपालले भोग्नु परेका समस्या**

★ भुटानी तथा तिब्बती शरणर्थीहरूले ढाँटेर नेपाली नागरिकता लिने गरेको पाइएको जसले राष्ट्रिय अस्तित्व र अखण्डतामा खतरा उत्पन्न हुन सक्ने ।

★ भुटानी तथा तिब्बती शरणार्थीहरू आपराधिक क्रियाकलापमा संलग्न रहेको पाइएकोले समाजमा सुरक्षाको अवस्थामा कमी आएको ।

★ शरणर्थी समस्याको व्यवस्थापन गर्न राज्यको ठूलो धनराशी खर्च गर्न परिरहेको अवस्था छ ।

★ दैनिक आवश्यकता परिपूर्तिका नाममा वन विनास र वातावरणीय ह्रासमा वृद्धि भएको ।

★ नेपालको स्थानीय संस्कृति, धर्म, चालचलनमा विकृति एवम् अतिक्रमणको अवस्था सिर्जना भएको छ ।

Question Bank Nepal

★ बेलाबेलामा दुई देशबीचको आपसी सम्बन्धमा चिसोपना देखापर्ने गरेको साथै अध्यागमन व्यवस्थापनमा अवरोध सिर्जना हुने गरेको ।

★ शरणार्थी समस्या समाधान हुन नसक्दा मानव अधिकारको विषयलाई लिएर राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तर तथा संघ संस्थाले टिका टिप्पणी गर्ने गरेको ।

★ बालबालिका र महिलाहरूको बेचबिखन, यौन हिंसा र दुर्व्यवहारमा वृद्धि हुन थालेको ।

★ श्रमबजार र रोजगारीका स्थानीय श्रमिकहरूलाई चुनौती सिर्जना गरिदिएको ।

★ ठगी, चोरी, डकैती, हत्या, हिंसा जस्ता अपराधका गतिविधिहरूमा वृद्धि भई शान्ति सुरक्षामा समस्या देखिएका ।

**(४) वैदेशिक सहायता भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा वैदेशिक सहायताको आवश्यकता उल्लेख गर्दै वैदेशिक सहायतालाई प्रभावकारी बनाउन अपनाउनुपर्ने उपायहरूबारे सुझाव दिनुहोस् ।**

**वैदेशिक सहायता**

सामान्य अर्थमा वैदेशिक सहायता भन्नाले विदेशी राष्ट्र वा सरकार तथा अन्तर्राष्ट्रिय संगठनद्वारा प्रदान गरिने सहायतालाई बुझिन्छ । संसारका कुनै पनि यस्तो ठाउँ छैन जहाँ आवश्यकता भन्दा श्रोत साधनहरू बढी होउन् । अविकसित देशहरूमा आर्थिक एवम् प्राविधिक क्षमताको अभावको कारण उपलब्ध श्रोतको समेत प्रयोग हुन सकेको छैन, वैदेशिक सहायताले अविकसित देशको यस्तो अवस्थाबाट माथि उठाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

अविकसित एवम् विकासोन्मुख मुलुकका जनताको जीवनस्तरमा सुधार गरी ती राष्ट्रहरूको अर्थतन्त्रलाई थप बलियो र आत्मनिर्भर बनाउनका लागि विकसित राष्ट्रहरू एवम् अन्तर्राष्ट्रिय संघसंस्थामार्फत त्यस्ता राष्ट्रहरूमा दिइने आर्थिक प्राविधिक, वस्तुगत वा जुनसुकै किसिमको सहुलियतलाई वैदेशिक सहायता भनिन्छ ।

सीमित श्रोत तथा साधनहरू भएका राष्ट्रहरूको वित्तीय श्रोतको परिचालनमा हुन आएको न्यूनतालाई पूरा गरी त्यस्ता राष्ट्रहरूको विकास तथा उत्थानका लागि वैदेशिक सहायता महत्वपूर्ण श्रोतको रुपमा स्थापित भएको छ । वैदेशिक सहायतालाई बाह्य सहायता वा समुद्र पार सहायता पनि भन्ने गरिन्छ ।

**नेपालमा वैदेशिक सहायताको आवश्यकता**

★ मुलुकको कमजोर अर्थतन्त्रका कारण बढ्दै गएको लगानी आवश्यकता र आन्तरिक श्रोत बीचको खाडल कम गर्न ।

★ विश्वको विकसित प्रविधि, सिद्धान्त एवम् कार्यशैली मार्फत राष्ट्रको विकास गर्न ।

★ वैदेशिक क्षेत्रबाट प्राप्त सहायतालाई परिचालन गरी लगानीको उपयुक्त वातावरण तयार गर्दै वैदेशिक निजी एवम् आन्तरिक निजी क्षेत्रको लागनी प्रवर्द्धन गरी दिगो र उच्च दरको फराकिलो आर्थिक सामाजिक विकास गर्न ।

★ विकासका साझेदारहरू अर्थात् सरकारी, गैरसरकारी, निजी एवम् वैदेशिक निकाय/अन्तर्राष्ट्रिय निकायहरूसँगको सहकार्यलाई मजबुत बनाई अघि बढ्न ।

★ मुलुकको Transitional Economy लाई Developed Economy मा Transform गर्न सहयोग पुऱ्याउँछ ।

★ जनताको विकास सम्बन्धी बढ्दो मागलाई सम्बोधन गरी बढ्दो बेरोजगारी, गरिबी, असमानता जस्ता समस्याहरूको समाधान गर्न ।

★ देशमा उत्पन्न द्वन्द्व एवम् अशान्तिको प्रमुख कारक तत्व गरिबी पनि भएकोले गरिबी निवारण गरी दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउन ।

**वैदेशिक सहायतालाई प्रभावकारी बनाउन अपनाउनुपर्ने उपायहरू**

★ वैदेशिक सहायता सम्बन्धी नीतिलाई समयानुकुल रुपमा परिवर्तन एवम् संशोधन गर्नुपर्ने ।

★ वैदेशिक ऋण सहायता भन्दा अनुदानलाई जोड दिने र वैदेशिक सहायता रकमको न्यूनतम सीमा निर्धारण गरी सो सीमा भन्दा कम रकमको सहायता स्वीकार नगर्ने । यसका लागि विकास सहायता नीति, २०७१ को प्रभावकारी कार्यान्वयन गर्ने ।

★ वैदेशिक सहायताका सम्बन्धमा छलफल गर्नका लागि छुट्टै वार्ता समितिको गठन गरी उनीहरूको क्षमता अभिवृद्धि गर्ने एवम् पदाधिकारीको फेरबदल नगर्ने जसले गर्दा आफ्नो मागमा दातालाई सहमत गराई वैदेशिक सहायता लिन सकियोस् ।

★ राष्ट्रिय आवश्यकता एवम् प्राथमिकतासँग मेल नखाने किसिमका सहायता स्वीकार नगर्ने ।

Question Bank Nepal

★ आफैले सञ्चालन गर्न सकिने खालका स-साना परियोजना सञ्चालनमा Foreign Aid नलिने ।

★ सम्पूर्ण वैदेशिक सहायतालाई बजेटको परिधि भित्र ल्याई लेखांकन गर्ने ।

★ वैदेशिक सहायताको प्रभावकारी परिचालन एवम् उपयोगका लागि राजनैतिक र प्रशासनिक प्रतिवद्धता हुनुपर्ने ।

★ ठूला एवम् महत्वपूर्ण आयोजनाहरूका लागि प्राविधिक सहायता प्राप्त गर्ने कुरामा जोड दिने र


★ पेरिस घोषणापत्र एवम् Accra Declaration कार्यान्वयन गर्नका लागि कार्यपद्दतिको विकास गर्ने ।

विश्वव्यापीकरणले आफ्नो प्रभाव विश्वभरी फैलाउँदै लगेको वर्तमान समयमा विकासोन्मुख मुलुकहरूका लागि वैदेशिक सहायता अनिवार्य आवश्यकता हो तर आवश्यकता हो भन्दैमा वैदेशिक सहायता लादिनु हुँदैन । यो छनौटको सुविधा सहितको हुनुपर्दछ । आफ्नो माग एवम् आवश्यकता अनुरुप छनौटको सुविधा सहितको वैदेशिक सहायताले मुलुकको गरिबी निवारण गर्दै आर्थिक क्रियाकलापमा वृद्धिको माध्यमबाट देशको आर्थिक विकासमा सहयोग पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ तर यसका लागि हाम्रो मानसिकता, कार्यशैली एवम् प्रक्रियामा सुधारको प्रतिवद्धता भने हुनै पर्दछ ।

**(५) आर्थिक विकासका सूचकहरू के के हुन् ? उल्लेख गर्दै आर्थिक वृद्धिलाई आर्थिक विकासमा रुपान्तरण गर्ने उपायहरू औल्याउनुहोस् ।**

**आर्थिक विकासका सूचकहरू**

आर्थिक विकास भन्नाले मुलुकको अर्थतन्त्रमा आएको आर्थिक समृद्धिका माध्यमबाट समग्र जनतको जीवनस्तरमा आएको सकारात्मक परिवर्तन/जीवनस्तरमा भएको वृद्धिलाई बुझिन्छ । आर्थिक विकास राज्यको सर्वोपरी लक्ष्य हो, जसले समग्र परिवर्तनलाई समेट्दछ । आर्थिक विकासको अवस्था मापन गर्न विभिन्न सूचकहरूको प्रयोग गर्ने गरिन्छ । ती सूचकहरूलाई नै आर्थिक विकासका सूचकहरू भनिन्छ । आर्थिक विकासका सूचकहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :-




**(A) Human Development Indicator (HDI):-** कुनै पनि मुलुकको आर्थिक विकासको अवस्था के कस्तो छ भनेर मापन गर्ने एक महत्वपूर्ण औजारको रुपमा HDI लाई लिइन्छ । मानव विकासको स्तर उच्च वा न्यून सूचकांकमा भएको आधारमा आर्थिक विकासको स्तर पनि राम्रो वा नराम्रो भएको कुरा आँकलन गर्न सकिन्छ । जस्तोकी कुनै पनि मुलुकको मानव विकासको स्तर उच्च सूचकांकमा छ भने आर्थिक विकासको स्तर पनि राम्रो र जनस्तरसम्म विकासका लागि पुगेको अर्थात् आर्थिक विकासको सकारात्मक प्रभाव परेको आँकलन गर्न सकिन्छ ।

**(B) Ginii Co-efficient :-** मुलुकमा विद्यमान रहेको धनी र गरिब बीचको खाडल मापन गर्न Ginni co-efficient प्रयोग गरिन्छ । UNDP ले हरेक वर्ष प्रकाशन गर्ने Human Development Index मा Ginni Co-efficient बढी भए आर्थिक विकासको अवस्था नराम्रो भएको जसमा आर्थिक लाभ धनी वर्गले बढी प्राप्त गरेको देखिन्छ । यदि Ginni Co-efficient कम भए आर्थिक विकासको अवस्था राम्रो भएको जसमा आर्थिक लाभ लक्षित वर्गको रुपमा रहेको गरिब वर्गले बढी मात्रामा प्राप्त गरेको देखिन्छ ।

**(C) Poverty Index:-** कुनै पनि मुलुकमा गरिबीको रेखामुनी रहेको जनसंख्या बढी भएमा उक्त मुलुकमा आर्थिक विकास न्यून भएको, स्रोत साधन एवम् आर्थिक लाभमा पिछडिएको वर्गको पहुँच तथा भूमिका नरहेको देखिन्छ भने गरिबीको रेखामुनी रहेको जनसंख्या कम भएको अवस्थामा मुलुकमा आर्थिक विकास हुँदै गएको भनेर बुझ्न सकिन्छ ।

**(D) Balance of Trade :-** कुनै पनि मुलुकको वैदेशिक व्यापारमा निर्यातको मात्रा बढी छ वा आयात निर्यातमा सन्तुलन छ भने त्यस मुलुकको आर्थिक विकास

Question Bank Nepal

भइरहेको बुझ्न सकिन्छ भने आयात अत्याधिक र निर्यात न्यून भएको भई व्यापार घाटाको अवस्थामा मुलुक गुज्रिरहेको स्थितिले औद्योगिक विकास, व्यापार विकास तथा लगानीको अवस्था कमजोर भई आर्थिक विमासमा पछि परेको बुझ्न सकिन्छ ।

**आर्थिक वृद्धिलाई आर्थिक विकासमा रुपान्तरण गर्ने उपायहरू**

आर्थिक वृद्धिलाई मुलुकको अर्थतन्त्रको आधारको रुपमा लिइन्छ । एकतर्फ आर्थिक वृद्धि बिना आर्थिक विकास सम्भव हुँदैन भने अर्कोतर्फ आर्थिक विकास रहित आर्थिक वृद्धि औचित्यहीन हुन्छ । आर्थिक विकासका लागि आवश्यक स्रोत साधनको व्यवस्था, लगानी मैत्री वातावरणको सिर्जना, व्यवसायिक उत्साह एवम् विश्वास आर्थिक वृद्धिले नै निम्त्याउँछ । त्यसैले आर्थिक वृद्धि र विकास बीच सन्तुलन कायम गर्न अर्थात् आर्थिक वृद्धिलाई आर्थिक विकासमा रुपान्तरण गर्न अत्यावश्यक हुन्छ । यसका लागि देहायअनुसारका उपायहरू अवलम्बन गर्न सकिन्छ :-

१. **भौगोलिक पूर्वाधारको विकासमा लगानी :-** सम्पूर्ण जनतामा सेवा सुविधा पुग्ने तथा उत्पादनशील क्षेत्रलाई टेवा पुग्ने सडक, सिँचाइ, खानेपानी, विद्युत जस्ता दीर्घकालीन महत्व राख्ने भौतिक पूर्वाधार क्षेत्रको विकासमा लगानी गर्न सकेमा यसबाट आर्थिक वृद्धिको साथसाथै मुलुकको आर्थिक विकासमा पनि महत्वपूर्ण सहयोग पुग्दछ । यस क्षेत्रमा गरिएको लगानीले बजारको विकास, उत्पादनको लागि व्यापार प्रवर्द्धन तथा रोजगारीका पर्याप्त अवसरहरू सिर्जना गर्ने हुँदा लगानीकर्ताको लगानी सुरक्षित हुने, जनताले सेवा सुविधा प्राप्त गर्ने, बेरोजगारीको समस्या हल हुने र राज्य आर्थिक विकासको पथमा अगाडि बढ्ने स्थिति निर्माण हुन्छ ।

२. **तुलनात्मक लाभका क्षेत्रमा लगानी :-** मुलुकको तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूको विकासमा राज्य तथा निजी क्षेत्रबाट लगानी गरिएमा आर्थिक वृद्धि र विकास दुवै प्राप्त हुन जान्छ । हाम्रो सन्दर्भमा भन्नुपर्दा कृषि, पर्यटन तथा जलस्रोतको विकास हाम्रा तुलनात्मक लाभका क्षेत्र हुन् । त्यसैले यी क्षेत्रहरूमा राज्य तथा राज्यबाहेकका विकास प्रक्रियाका साझेदारहरूबाट पर्याप्त मात्रामा लगानी गर्न सकेमा यसले दीर्घकालसम्म दिगोरुपमा र बढी भन्दा बढी नागरिकलाई समेट्दै समग्र आर्थिक विकासमा योगदान पुऱ्याउँछ ।

३. **सामाजिक न्याय तथा सुरक्षा :-** राज्यले सामाजिक न्याय तथा सुरक्षाको लागि लक्षित वर्ग र समुदायहरूको रुपमा रहेका महिला, दलित, बालबालिका, जेष्ठ नागरिक, आदिवासी जनजाति, मधेशी, अपाङ्ग, पिछडिएको क्षेत्र, मजदुर तथा किसान, द्वन्दपीडित आदिलाई सामाजिक न्याय र सुरक्षा प्रदान गर्नुपर्दछ । यसका लागि किसानलाई सहुलियत दरमा मलबीउ एवम् कृषि ऋण दिने, बालबालिकालाई स्वास्थ्य एवम् शिक्षाको ग्यारेन्टी गर्ने, जेष्ठ नागरिकलाई जीवन निर्वाह भत्ता एवम् स्वास्थ्य उपचारको व्यवस्था गर्ने, पिछडिएको क्षेत्र, वर्ग एवम् समुदायलाई रोजगारमूलक लक्षित कार्यक्रम सञ्चालन गर्ने जस्ता माध्यमबाट सामाजिक न्याय तथा सुरक्षा प्रदान गर्न सकिन्छ । जसले गर्दा आर्थिक असमानता घटाउँदै लगी समग्र आर्थिक विकासमा सहयोग पुग्दछ ।

४. **सामाजिक उद्यमशीलताको लागि लघुकर्जा :-** राज्यले कृषि, घरेलु उद्योग जस्ता क्षेत्रको उत्पादनशीलता बढाउन स्थानीय स्तरमा साना किसान, साना व्यवसायी, घरेलु उद्यमीहरूलाई सहुलियत दरमा लघु कर्जा प्रवाह गर्ने व्यवस्था गर्नुपर्दछ । जसले गर्दा तल्लो वर्गको आय आर्जन बढ्न गई धनी गरिब बीचको खाडल पुरिँदै गई आर्थिक विकासमा टेवा पुग्दछ ।

५. **जनसहभागितामा आधारित विकेन्द्रित शासन :-** मुलुकको समग्र आर्थिक विकासका लागि स्थानीय स्तरदेखि नै विकासमा नागरिक संलग्नताको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि जनसहभागितामा आधारित विकेन्द्रित शासन व्यवस्था अवलम्बन गर्नुपर्ने हुन्छ । यस्तो व्यवस्थामा विकासप्रति जनताको अपनत्व कायम हुने हुँदा आर्थिक वृद्धि र विकासलाई दीर्घजीवि बनाउन सहयोग पुग्दछ ।

६. **सामाजिक क्षेत्रको गुणात्मक अभिवृद्धि :-** राज्यले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, खेलकुद जस्ता सामाजिक क्षेत्रहरूमा पर्याप्त आर्थिक स्रोतको परिचालन गर्न सकेमा यसले स्वस्थ एवम् सक्षम गुणात्मक मानवीय जनशक्ति उत्पादन गरी आर्थिक विकासमा टेवा पुऱ्याउँदछ । सामाजिक क्षेत्रको गुणात्मकता अभिवृद्धिले सामाजिक व्यावसायिकता, स्वरोजगारी, पुनः लगानी एवम् पुनः उत्पादनमा सघाउ पुऱ्याई दिगो आर्थिक विकास हुन्छ ।

Question Bank Nepal